कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# रु रु जलविद्युत परियोजना लिमिटेड

**Ru Ru Jalbidhyut Pariyojana Limited**

वडा नं १, हात्तिसार, काठमाडौं, नेपाल

फोन नं: ९७७-०१-४४१९३९३, ४४१९३९४

वेवसाइट:www.ruruhydro.com,इमेल: ruruhydro@gmail.com

को

(कम्पनी ऐन २०६३ को दफा २३ को उपदफा (१), धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० को उपदफा (१) र धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ अन्तर्गत प्रकाशित)

# विवरण पत्र

कम्पनीले आफ्नो जारी पूँजी रु ४०,७७,०५,५००/- (चालिस करोड सतहत्तर लाख पाँच हजार पाँच सय मात्र) को २०% अर्थात् ८,१५,४११ कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ। जसमध्ये यस विवरण मार्फत जारी पूँजीको १०% अर्थात् रु. ४,०७,७०,५००/- (चार करोड सात लाख सत्तरी हजार पाँच सय मात्र) रकम बराबरको रु. १०० अंकित दरका ४,०७,७०५ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र गुल्मी जिल्लाका बासिन्दाहरुको निमित्त धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही निष्काशन गरी बिक्री वितरण गरिने छ। साथै, आयोजना प्रभावित क्षेत्र गुल्मी जिल्लाका बासिन्दाहरुलाई शेयर बाँडफाँड गरे पश्चात सर्वसाधारणलाई जारी पूँजीको १०% अर्थात रु.४,०७,७०,६००/- रकम बराबरको रु. १००/- अंकित दरमा प्रिमियम वापत रु. २०/- थप गरी जम्मा मुल्य रु १२०/- मा ४,०७,७०६ कित्ता शेयर सार्वजनिक निष्काशन गरिनेछ। सो मध्ये ८,१५४ कित्ता (२ प्रतिशत) कर्मचारीहरुलाई र २०,३८५ कित्ता (५ प्रतिशत) सामूहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी ३७९,१६७ कित्ता साधारण शेयरहरुको सार्वजनिक निष्काशन गरिनेछ।

दरखास्तसाथ प्रति शेयर रु. १००।– को दरले आयोजना प्रभावित क्षेत्र गुल्मी जिल्लाका बासिन्दाकालागि र अन्य सर्वसाधारणलाई प्रिमियम रकम रु. २०/- थप गरी जम्मा मूल्य रु. १२०/- को दरले शतप्रतिशत भुक्तानी माग गरिएको

| विवरण | वास्तविक (रु. हजारमा) | | | प्रक्षेपित (रु. हजारमा)** | | |
|---|---|---|---|---|---|---|
| | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० |
| सञ्चित नाफा/नोक्सान | ३२,६४० | ३५,६७४ | ६१,४४७ | ७७,०६० | ९९,७५१ | ११६०८७ |
| **प्रति शेयर नेटवोर्थ (रु.)** | **११०.०१** | **११०.९४** | **११८.८४** | **१२०.९०** | **१२६.४७** | **१३०.४७** |
| **प्रति शेयर आम्दानी (रु.)** | **१०.४६** | **१०.९३** | **१७.९०** | **१४.३६** | **१५.५७** | **१४.०१** |
| **नेटवोर्थमा प्रतिफल (%)** | **९.५१%** | **९.८५%** | **१५.०६%** | **११.८७%** | **१२.३१%** | **१०.७४%** |

आयोजनाको कूल लागत : रु. ७४४,५२१,९१०/-

प्रति मेगावाट लागत सम्बन्धी विवरण : आयोजनाको प्रति मेगावाट लागत रु. १४८,९०४,३८२/- रहेको छ।

विद्युत उत्पादन अनुमतिको बाँकी अवधि : अनुमतिपत्र बहाल रहने अवधि मिति २०६९/०४/३० देखि २१०४/०४/२९ सम्म रहेकोले २७ वर्ष बाँकि रहेको छ।

साधारण लगानी फिर्ता हुने अवधि : ५.२४ वर्ष

डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि : ८.४२ वर्ष

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण:**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ८ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ।

**नियमन निकायको जवादेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ। यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरण पत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा आयोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारका प्रत्याभूत गरेको वा जिम्मेवार लिएको मानिने छैन।

संस्थापक तथा संचालकहरु तथा संस्थापक शेयरधनीहरुका एकाघरको सदस्यले समेत सार्वजनिक निष्काशनमा आवेदन दिन पाउने छैन।

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण**

यस रु रु जलविद्युत परियोजना लिमिटेडलाई ICRA Nepal Limited ले मिति २०७७/०४/१५ मा **समयमा नै वित्तीय दायित्व पुरा गर्न सक्षम रहेको मध्यमस्तरको सुरक्षित कम्पनी जनाउने ICRANP-IR BBB** (Prounced as ICRA NP Issuer Rating Tripple B) प्रदान गरेको छ। उक्त रेटिङ्गको अवधि जारी मितिबाट एक वर्षसम्म रहनेछ। सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा २२ (ट) मा उल्लेख गरिएको छ।

**यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्र गुल्मी जिल्लाका बासिन्दाकालागि विक्री वितरण गरेको शेयर सर्वसाधारणका लागि निष्काशन गरेको शेयर बाँडफाँट भएको मितिले तीन वर्ष पुरा नभएसम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन।**

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति : २०७७/१०/२१

कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति :२०७७/१०/२७

| | न्यूनतम | अधिकतम |
|---|---|---|
| आयोजना प्रभावित क्षेत्र गुल्मी जिल्लाका बासिन्दाहरु तथा सर्वसाधारणहरुको लागि | १० कित्ता | ४००,००० कित्ता |

निष्काशन खुला हुने मिति २०७७/११/०७ गते (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (छिट्टोमा) २०७७/११/२१ गते (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा) २०७७/१२/०८ गते (बैंकिङ्ग समय पश्चात्)

**आयोजना प्रभावित क्षेत्र गुल्मी जिल्लाका बासिन्दालाई निष्काशन गरेको शेयर पूर्ण रुपमा विक्री नभई बाँकी रहेमा बाँकी रहेको शेयर सर्वसाधारणको लागि थप गरी निष्काशन गरिने छ।**

सर्वसाधारण शेयरधनीहरुको लागि सार्वजनिक निष्काशन आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको शेयर बाँडफाँड पश्चात् सूचना प्रकाशित गरी जानकारी गराईनेछ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक :**

**एनएमबि क्यापिटल लिमिटेड**

नागपोखरी, काठमाडौं

फोन: ९७७-१-४४३७९६३, फ्याक्स: ९७७-१-४४३७९६०

इमेल: info@nmbcl.com.np वेवसाइट: www.nmbcl.com.np

## ख.१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

क) "विवरणपत्र" भन्नाले सार्वजनिक रुपमा शेयर निष्काशन गर्न धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत तयार पारी प्रकाशित निष्काशन कम्पनीको सन्दर्भमा लगानीकर्ताहरुलाई जानकारी दिनको लागि तयार गरिएको प्रस्तुत पुस्तिकालाई सम्झनु पर्दछ।

ख) "धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक" भन्नाले एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंलाई सम्झनु पर्दछ।

ग) "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बोण्ड, डिवेन्चर, डिवेन्चर स्टक वा सामुहिक लगानी योजना सम्वन्धी प्रमाण पत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, बचतपत्र वा बण्ड सम्झनुपर्छ र सो शब्दले धितोपत्रबजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनि बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरीद , बिक्री वा विनिमय गर्ने सक्ने अधिकारपत्र समेतलाई जनाउँदछ।

घ) "संगठित संस्था/कम्पनी" भन्नाले सार्वजनिक निष्काशनकर्ता कम्पनी रु रु जलविद्युत परियोजना लिमिटेड, काठमाडौंलाई सम्झनुपर्दछ।

ङ) "संकलन केन्द्र" भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ।

च) "निष्काशन बैंक" भन्नाले सार्वजनिक निष्काशनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको वाणिज्य बैंक वा राष्ट्रिय स्तरको विकास बैंकलाई सम्झनु पर्दछ।

छ) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा विद्युत नियमन आयोगलाई सम्झनु पर्दछ।

ज) "संस्थापक, सञ्चालक, प्रमुख कार्यकरी अधिकृत तथा व्यवस्थापन" भन्नाले रु रु जलविद्युत परियोजना लिमिटेडको संस्थापक, सञ्चालक, कार्यकरी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्दछ।

झ) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ।

ञ) "आयोजना प्रभावित क्षेत्र" भन्नाले आयोजना प्रभावित क्षेत्र गुल्मी जिल्लामा स्थायी बसोबास गर्ने नेपाली नागरिकलाई जनाउँदछ।

## ख.२ विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

**विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना**

| सि.नं | विवरण–पत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं र वेवसाइट www.nmbcl.com.np |
| २. | रु रु जलविद्युत परियोजना लिमिटेड, हात्तिसार, काठमाडौं र वेवसाइट www.ruruhydro.com |

| सि.नं | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान : |
|---|---|
| | **आयोजना प्रभावित क्षेत्र गुल्मी जिल्लाका बासिन्दाहरुको हकमा :** |
| १. | आयोजना प्रभावित क्षेत्र गुल्मी जिल्लाका स्थानीय बासिन्दाहरुकालागि निष्काशन तथा बिक्री प्रवन्धकले तोकेको बैंक तथा वित्तीय संस्थाहरु तथा नेपाल धितोपत्र बोर्डबाट सि-आस्बा (C-ASBA) सदस्यता प्राप्त गरेका सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु। |
| २. | शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड, शाखा कार्यालय, तम्घास, गुल्मी |
| ३. | शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड, शाखा कार्यालय, खैरेनी, गुल्मी |
| ४. | शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड, शाखा कार्यालय, शान्तिपुर, गुल्मी |
| ५. | शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड, शाखा कार्यालय, मजुवा, गुल्मी |
| ६. | शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड, शाखा कार्यालय, वामिटक्सार, गुल्मी |
| ७. | शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड, शाखा कार्यालय, बलेटक्सार, गुल्मी |
| ८. | गरिमा विकास बैंक लिमिटेड, शाखा कार्यालय, तम्घास, गुल्मी |
| ९. | गरिमा विकास बैंक लिमिटेड, शाखा कार्यालय, शान्तिपुर, गुल्मी |
| १०. | ग्लोवल आइएमई बैंक लिमिटेड, शाखा कार्यालय, मजुवा, गुल्मी |
| ११. | ग्लोवल आइएमई बैंक लिमिटेड, शाखा कार्यालय, गौंडाकोट, गुल्मी |
| १२. | कुमारी बैंक लिमिटेड, शाखा कार्यालय, रिडी, गुल्मी |
| | **सर्वसाधारण शेयरधनीहरुको हकमा :** |
| १. | सर्वसाधारणको लागि नेपाल धितोपत्र बोर्डबाट सि-आस्वा (C-ASBA) सदस्यता प्राप्त गरेका सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु। |

आयोजना प्रभावित क्षेत्र गुल्मी जिल्लाका स्थानीय बासिन्दाले शेयर खरीद आवेदन प्राप्त गर्नकालागि दरखास्त फारम वापत रु.२/- (दुई रुपैयाँ) शुल्क बुझाउनु पर्नेछ। आयोजना प्रभावित क्षेत्र गुल्मी जिल्लाका बासिन्दाकालागि दरखास्त फाराम रु रु जलविद्युत परियोजना लिमिटेडको वेभसाइट www.ruruhydro.com तथा एनएमबि क्यापिटल लिमिटेडको वेभसाइट www.nmbcl.com.np बाट समेत डाउनलोड गर्न सकिन्छ।

**ग.१.धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकको उद्घोषण :**

हामीलाई रु रु जलविद्युत परियोजना लिमिटेड तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिकालागि नेपाल धितोपत्र बोर्डमा ऐन र नियमावली अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**ग.२. संगठित संस्थाको उद्घोषण :**

**ग.२क) संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रवन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सोसँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यता प्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२ख) संगठित संस्थाको जवाफदेहीता सम्बन्धी उद्घोषण :**

यस रु रु जलविद्युत परियोजना लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक कम्पनीको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहिता कम्पनीमा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सोको जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल विद्युत प्राधिकरण, विद्युत नियमन आयोग, विद्युत विकास विभाग आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सोमा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा पेश गरेका छौं । साथै यस कम्पनीले कम्पनी रजिष्ट्रारको कार्यालयमा आर्थिक वर्ष २०७५/०७६ सम्मको विवरणहरु पेश गरेको हुनाले उक्त आर्थिक वर्षसम्म यस कम्पनी कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको र सो अद्यावधिक रहेको व्यहोरा कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/०९/०७ गतेको पत्रबाट प्राप्त भएको छ । यस कम्पनीले विद्युत नियमन आयोगबाट प्राथमिक शेयर निष्काशनको लागि मिति २०७६/१२/०७ गते पूर्व स्वीकृती समेत प्रदान समेत गरिसकेको छ ।

**ग.२घ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उदघोषण :**

(१) यस कम्पनीका संस्थापक, सञ्चालक वाकार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२) यस कम्पनीका सञ्चालक वा प्रमुख कार्यकारी कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा प्रमुख कार्यकारी रहेका छैनन् ।

(३) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(५) यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा प्रमुख कार्यकारी हुन अयोग्य रहेका छैनन् ।

ग.३. संगठित संस्था सम्बन्धी जानकरी :

ग.३.क) संगठित संस्थाको पृष्ठभूमि :

**(क) संस्थाको नाम :** रु रु जलविद्युत परियोजना लिमिटेड (Ru Ru Jalbidhyut Pariyojana Limited)।

**(ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :**

यस रु रु जलविद्युत परियोजना लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६२/१२/०९ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेडको रूपमा दर्ता भई मिति २०७२/०४/०७ गते पब्लिक लिमिटेडको रुपमा परिणत भएको हो।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना :**

यस कम्पनीको रजिर्ष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. १ हात्तिसारमा रहेको छ। सम्बन्धित निकायको स्वीकृति प्राप्त गरी अन्य विभिन्न स्थानहरुमा शाखा कार्यालय खोल्न वा रजिर्ष्टर्ड कार्यालय स्थानान्तरण गर्न सकिनेछ।

**(घ) जलविद्युत केन्द्र :**

यस कम्पनीको कारोबार गर्ने मुख्य स्थान कम्पनीको रजिर्ष्टर्ड कार्यालय का.म.न.पा. वडा नं १, हात्तिसार, काठमाडौं र आयोजना स्थल, जलविद्युत उत्पादन केन्द्र तथा अन्य भौतिक पूर्वाधारहरु गुल्मी जिल्ला, चन्द्रकोट गाउँपालिका (साविकको डिबरुङ्ग गा.वि.स., बिसुखर्क गा.वि.स., हर्राचौर गा.वि.स., शान्तिपुर गा.वि.स., ग्वाघा गा.वि.स., हर्रेवा गा.वि.स., रुपाकोट गा.वि.स. र तुरान गा.वि.स.) छत्रकोट गाऊँपालिकाको वडा नं. २ (साबिकको पल्लिकोट गा.वि.स.), गुल्मी दरबार गाउँपालिकाको वडा नं २ (साविकको बिरबास गा.वि.स.) र गुल्मी दरबार गाउँपालिकाको वडा नं. ४ (साविकको जुगुम गा.वि.स.) मा रहेको छ।

**(ङ) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु**

१. रु रु जलविद्युत परियोजना कम्पनी ऐन २०६३ बमोजिम मिति २०६२/१२/०९ मा प्राइभेट लिमिटेडको रुपमा दर्ता भई मिति २०७२/०४/०७ मा प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेडमा परिणत भई दर्ता भएको हो।

२. कम्पनी ऐन २०६३ बमोजिम स्थापना भएको रु रु जलविद्युत परियोजना लिमिटेडले लुम्बिनी अञ्चल गुल्मी जिल्लामा अवस्थित हुग्दी खोलाको पानी प्रयोग गरी २,५०० किलोवाट क्षमताको माथिल्लो हुग्दी खोला जलविद्युत आयोजनाको सर्वेक्षणको लागि विद्युत ऐन २०४९ बमोजिम विद्युत उत्पादन सर्वेक्षण अनुमति पत्र मिति २०६३/०३/२६ गते प्राप्त गरिसकेको छ। सो आयोजनाको निर्माण तथा संचालनको लागि सो ऐनमा व्यवस्था भए अनुसार विद्युत उत्पादन अनुमतिपत्र प्राप्त गरी उक्त आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणलाई प्रसारण प्रणाली भएको ठाउँमा पुऱ्याई बिक्री गर्ने, प्राधिकरणले पनि उक्त आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति खरीद गर्ने सम्झौता मिति २०६६ साल असोज ४ गते भईसकेको छ। माथिल्लो हुग्दी खोला जलविद्युत आयोजनाको क्षमता २,५०० किलोवाटबाट ५,००० किलोवाट कायम गरी मिति २०६७/१२/१८ मा पहिलो संशोधन भएको छ।

३. रु रु जलविद्युत परियोजना लिमिटेडबाट निर्माण एवं प्रबर्दन गरेको माथिल्लो हुग्दी जलविद्युत आयोजनाको लागि मिति २०६९/०४/३० मा विद्युत उत्पादन अनुमति प्राप्त गरेको र उक्त अनुमति बहाल रहने अवधि मिति २०६९/०४/३० देखि २१०४/०४/२९ सम्म रहने छ।

४. रु रु जलविद्युत परियोजना लिमिटेडबाट निर्माण एवं प्रबर्दन गरेको माथिल्लो हुग्दी खोला जलविद्युत आयोजनाको ३३ के.भी विद्युत प्रसारण लाइन आयोजनाको लागि उर्जा मन्त्रालय विद्युत विकास विभागबाट प्राप्त विद्युत प्रशारण अनुमति पत्र मिति २०७१/०५/२६ मा प्राप्त गरी सो अनुमति पत्र मिति २०७१/०५/२६ देखि २०९६/०५/२५ सम्म बहाल रहने छ।

५. गुल्मी जिल्लाको चन्द्रकोट गाँउपालिका वडा नं ४,६,७, र ८ मा निर्माण सम्पन्न ५ मेगावाट क्षमताको माथिल्लो हुग्दी जलविद्युत आयोजनाको विद्युत गृह/स्वीचवार्ड देखि सोही जिल्लामा निर्माण भएको ३३ के.भी प्रशारण लाइनको बिरवास सवस्टेसनसम्म विद्युत प्रशारण लाइन मार्फत विद्युत आपूर्ति भइरहेको छ।

६. यस कम्पनीको कुल लागत रु. ७४,४५,२१,९१० रहेको र प्रति मेगावाट रु. १४,८९,०४,३८२ रहेको छ।

७. हाल यस कम्पनीमा ९६४ जना संस्थापक शेयरधनीहरु रहेका छन्। कम्पनीको प्रबन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ८० प्रतिशत संस्थापक शेयर, १० प्रतिशत आयोजना प्रभावित क्षेत्रका वासिन्दा र १० प्रतिशत सर्वसाधारण शेयरधनीहरको लागि छुट्ट्याई बाँडफाँड गर्ने व्यवस्था रहेको छ।

**८. कम्पनीको हालको अवस्था :**

गुल्मी जिल्लाको चन्द्रकोट गाँउपालिकामा निर्माण गरिएको ५ मेगावाट क्षमताको परियोजाना रु रु जलविद्युत परियोजनाका नामले परिचित यस परियोजनाले मिति २०७१/१२/०९ बाट व्यसायिक उत्पादन शुरु गरी हाल सम्म जलविद्युतको राष्ट्रिय आवश्यकतामा थोरै भएपनि योगदान गर्न सफल भएको छ। परियोजनाको हालसम्मको अवस्था अत्यन्तै राम्रो रहेको छ जुन कुरा परियोजनाले इक्रा रेटिङ्ग लि. नेपालबाट प्राप्त गरेको रेटिङ्गको ग्रेडले समेत प्रष्ट पार्दछ। आर्थिक, सामाजिक तथा प्राविधिक दृष्टिकोणबाट कुनै समस्या नरहेको यस परियोजनामा जडान गरिएका उपकरणहरु पनि राम्रो अवस्थामा रहेका छन्। वर्षायाममा खोलामा पानीको मात्रा बढी भई हाल आयोजनाले प्रतिदिन औषत ४.३६ मेगावाट विद्युत उत्पादन गरिरहेको छ। आयोजनाले आ. व. २०७७/७८ को आश्विन मसान्तसम्ममा कुल रु. ५,१२,४८,४७६/९६ रकम बराबरको विद्युत उत्पादन गरी

प्राधिकरणलाई बिक्रि गरेको अवस्था छ जुन गत आ. व. को तुलनामा रु ४,६६,६२९.६३ ले बढि हो। यो सगै कम्पनीका अन्य वित्तीय परिसुचकहरु पनि सकारात्मक रहेका छन्।

संगठित संस्थाका माथिल्लो हुग्दी खोला जलविद्युत आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :

**विद्युत परियोजनाको नाम** : माथिल्लो हुग्दी खोला जलविद्युत आयोजना
**आयोजना स्थल :** प्रदेश ५, लुम्बिनी अञ्चल, गुल्मी जिल्लाको चन्द्रकोट गाँउपालिका वडा नं. ६ र ७
**श्रोत नदी :** हुग्दी खोलाको पानी
**आयोजनाको किसिम :** रन अफ रिभर
विद्युत उत्पादन अनुमति प्राप्त मिति : २०७०/१२/०९
**विद्युत उत्पादन अनुमति बहाल रहने मिति :** २०६९/०४/३० देखि २१०४/०४/२९
**जडित क्षमता :** ५.०० मेगावाट
**आयोजनाको कूल लागत** : रु. ७४४,५२१,९१०/-
आयोजनाको प्रति मेगावाट लागत : रु. १४८,९०४,३८२/-
आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि : ५.२४ वर्ष
आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि : ८.४२ वर्ष

**Pay Back Period, Internal Rate of Return (IRR) and Net Present Value (NPV)**

| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संचालनको वर्ष | ० | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| लागत | (६०२,१५६) | - | - | - | - | - | - | - | - | - | - |
| कर पछिको आम्दानी | ५८,३८९ | ५८,५२९ | ६३,४९३ | ५७,१३७ | ६२,६३९ | ६०,७५६ | ५३,८१९ | ५२,०२६ | ४९,९६२ | ४७,६६७ | ४३,०१९ |
| Terminal Value | - | - | - | - | - | - | - | - | - | - | ४३०,१९० |
| ह्रासकट्टी र परिशोधन | २२,६४४ | २२,७१३ | २२,७१२ | २२,७१३ | २२,७१२ | २२,३६८ | २२,२७८ | २२,२७७ | २२,२०७ | २२,१०३ | २२,१०४ |
| वित्तीय लागत | ३६,५८१ | २४,४६९ | १३,८७३ | ८,७५९ | ३,०२६ | - | - | - | - | - | - |
| लाभ (लागत) | (४८४,५४२) | १०५,७११ | १००,०७८ | ८८,६०९ | ८८,३७७ | ८३,१२४ | ७६,०९७ | ७४,३०३ | ७२,१६९ | ६९,७७० | ४९५,३१३ |
| Cumulative Simple Benefit (Cost) | (४८४,५४२) | (३७८,८३१) | (२७८,७५३) | (१९०,१४४) | (१०१,७६७) | (१८,६४३) | ५७,४५४ | १३१,७५७ | २०३,९२६ | २७३,६९६ | ७६९,००९ |
| Discount Factor | १.०००० | ०.९०९१ | ०.८२६५ | ०.७५१४ | ०.६८३१ | ०.६२१० | ०.५६४५ | ०.५१३२ | ०.४६६५ | ०.४२४१ | ०.३८५५ |
| Present Value | (४८४,५४२) | ९६,१०२ | ८२,७१४ | ६६,५८१ | ६०,३७० | ५१,६२० | ४२,९५७ | ३८,१३२ | ३३,६६७ | २९,५८९ | १९०,९४३ |
| Cumulative Present Value | (४८४,५४२) | (३८८,४४०) | (३०५,७२६) | (२३९,१४५) | (१७८,७७५) | (१२७,१५५) | (८४,१९८) | (४६,०६६) | (१२,३९९) | १७,१९० | २०८,१३३ |

| | |
|---|---|
| *Discount Rate* | *10.00%* |

**Pay Back Period**

| | |
|---|---|
| Simple | 5.24 Years |
| Discounted | 8.42 Years |

| | |
|---|---|
| **Internal Rate Of Return (IRR)** | 17.69% |

| | | |
|---|---|---|
| **Net Present Value (NPV)** | NRs 2,08,133 | Thousands |

कम्पनीले पहिचान गरी विकास निर्माण प्रारम्भ गरेको गुल्मी जिल्लाको चन्द्रकोट गाँउपालिकामा ५ मेगावाट क्षमताको माथिल्लो हुग्दी खोला जलविद्युत आयोजनाको सम्पुर्ण निर्माण कार्य सम्पन्न भई आयोजन संचालन भैरहेको छ।

कम्पनी र नेपाल विद्युत प्राधिकरणबीच सम्पन्न विद्युत खरीद-बिक्री सम्झौताका (संशोधन समेत) मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् :

- माथिल्लो हुग्दी खोला जलविद्युत आयोजनाबाट वार्षिक २,८२,६०,०६६ किलोवाट घण्टा विद्युत उत्पादन तथा बिक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ। यसमा वर्षायामको लागि २,२७,७०,४४१ किलोवाट घण्टा र सुख्खायामको लागि ५४,८९,६६५ किलोवाट घण्टा निर्धारण गरिएको छ।
- प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्र्याक्ट इनर्जीको परिमाण सम्मको Availability Declaration अनुसारको इनर्जी खरीद गरी लिनेछ। यस अनुसार प्राधिकरणले लिनु पर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा विद्युत खरीद सम्झौताको अनुसूची ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ।

- कन्ट्रयाक्ट इनर्जी वा Avaiability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटि छ सो को ८० प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नुपर्नेछ। प्राधिकरणको कारण वा Schedule Outage वा काबु बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाणसम्मको विद्युत कम्पनीले आपूर्ति गर्न नसकेमा वा नगरेमा निम्न सूत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नु पर्नेछ।

  **<u>क्षतिपूर्ति रकम</u>**

  = रु [०.८ * सो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति हुनु पर्ने बढीमा कन्ट्रयाक्ट इनर्जी सम्मको Availability Declaration अनुसारको विद्युत उर्जा - सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा - सोही अवधिमा प्राधिकरणले वा Schedule Outage वा काबु बाहिरको परिस्थितिको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा]* सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरीद दर;

  यसरी हिसाब गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपूर्ति रकमलाई शून्य मानिने छ।

  क्षतिपूर्ति रकम बील रकम भन्दा बढी भएमा बील रकम भन्दा बढी भएको क्षतिपूर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्न पर्ने छैन।

  माथि उल्लेख भए अनुसार प्राधिकरणले कम्पनीलाई वा कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति तिर्ने व्यवस्था आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मिति देखि लागू हुनेछ।

- प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाणसम्मको उर्जा खरीद वापत वर्षायाममा प्रति कि.वा. घण्टा रु. ४/- (चार रुपैंया मात्र) र सुख्खायाममा प्रति कि.वा. घण्टा रु. ७/- (सात रुपैंया मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तिय संस्थालाई बुझाउने छ। साथै व्यापारिक उत्पादन शुरु हुने मितिलाई आधार वर्ष मानी त्यसपछिको प्रत्येक आर्थिक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले नौ (९) पटकसम्म मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ।

| आर्थिक वर्ष | सुख्खायाम (पौषदेखि चैत्रसम्म) (रु. प्रति युनिट) | वर्षायाम (वैशाषदेखि मार्गसम्म) (रु. प्रति युनिट) |
|---|---|---|
| व्यापारिक उत्पादन शुरु हुने मिति (COD) | ७.०० | ४.०० |
| COD पछिको पहिलो आर्थिक वर्ष | ७.२१ | ४.१२ |
| COD पछिको दोश्रो आर्थिक वर्ष | ७.४२ | ४.२४ |
| COD पछिको तेश्रो आर्थिक वर्ष | ७.६३ | ४.३६ |
| COD पछिको चौथो आर्थिक वर्ष | ७.८४ | ४.४८ |
| COD पछिको पाँचौ आर्थिक वर्ष | ८.०५ | ४.६० |
| COD पछिको छैठौं आर्थिक वर्ष | ८.२६ | ४.७२ |
| COD पछिको सातौं आर्थिक वर्ष | ८.४७ | ४.८४ |
| COD पछिको आठौं आर्थिक वर्ष | ८.६८ | ४.९६ |
| COD पछिको नवौं आर्थिक वर्षदेखि सम्झौता अवधिसम्म | ८.८९ | ५.०८ |

- नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा (Excess Energy) को हकमा मिति २०७१/०७/१३ मा भएको विद्युत खरीद बिक्री सम्झौता (संशोधित) को दफा १२.१ मा उल्लेख भए अनुसार माथि दोश्रो तालिकामा उल्लेखित संशोधित विद्युत खरीद दरको ५०% दरमा कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ।
- कम्पनीले जलविद्युत आयोजनामा जडित मेशिन औजारहरू तथा अन्य उपकरणहरुको पुनर्स्थापना मूल्यभन्दा कम नहुने गरी र प्रचलित कानून बमोजिम गर्नुपर्ने सबै प्रकारका बीमाहरू गरेको छ।
- मिति २०७२/०६/०७ मा नेपाल विद्युत प्राधिकरण र रु रु जलविद्युत परियोजना प्रा.लि. बीच माथिल्लो हुग्दी खोला जलविद्युत आयोजनाबाट उत्पादन हुने विद्युत खरीद - बिक्रीको सुविधा सम्बन्धी सम्झौता, २०७२ को बुँदा नम्बर ४ मा विद्युत खरीद दर "सुचिकृत दर (Posted Rate)" सम्बन्धी मूल्यबृद्धि निम्न तालिकामा व्यवस्था निम्नानुसार हुनेछ :

| अवधि PCOD बाट सात वर्षसम्म PCOD लाई आधार मिति मानी लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरी | सुख्खायाम (पौषदेखि चैत्रसम्म) (रु. प्रति युनिट) | वर्षायाम (वैशाषदेखि मार्गसम्म) (रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिनादेखि १२ औं महिनासम्म | ८.४० | ४.८० |
| १३ औं महिनादेखि २४ औं महिनासम्म | ८.६५ | ४.९४ |
| २५ औं महिनादेखि ३६ औं महिनासम्म | ८.९० | ५.०९ |
| ३७ औं महिनादेखि ४८ औं महिनासम्म | ९.१६ | ५.२३ |

| | | |
|---|---|---|
| ४९ औं महिनादेखि ६० औं महिनासम्म | ९.४१ | ५.३८ |
| ६१ औं महिनादेखि सुविधा सम्बन्धी सम्झौताको अधिनमा रही विल भुक्तानी गर्ने महिनासम्म | ९.६६ | ५.५३ |

कम्पनीले साविकको सम्झौतामा व्यवस्था भए बमोजिम साविकको खरिद दर अनुसार तथा सुचिकृत दर (Posted Rate) अनुसार थप हुन जाने रकमको लागि छुट्टाछुट्टै विल (Invoice) पेश गर्नुपर्नेछ। प्राधिकरणले पनि साविकको लागि प्राप्त भएको विलको साविककै PPA अनुसार र सूचिकृत दर अनुसार थप हुन जाने रकमको यस सुविधा सम्बन्धी सम्झौताको अधिनमा रही विल भुक्तानी गर्नेछ।

कम्पनीको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम यस कम्पनीका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :-

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरीद विक्री गर्ने वा भाडामा लिई प्रयोग गर्ने,

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने

(ग) कम्पनीको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने,

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक तथा कुनै वित्तीय संस्थाबाट धितो राखी वा नराखी कर्जा लिने,

(ङ) अन्य आवश्यक कुराहरु :

१) कम्पनीले आवश्यक घर, गोदाम, तथा अन्य चल अचल सम्पत्ति आदि लीज वा भोग बन्धकीमा लिने, निर्माण गर्ने, मर्मत-संभार गर्न सक्नेछ,

२) कम्पनीलाई आकस्मिक क्षतिबाट बचाउन कम्पनीको मेसिनरी, भवन लगायत सबै प्रकारका सम्पत्तिहरुको आवश्यकतानुसार बीमा गराउने,

३) कम्पनीको नाममा नेपाल अधिराज्यको कुनै पनि वित्तीय संस्था तथा बैंकहरुमा कम्पनीको नाममा खाता खोली रकम जम्मा गर्ने, झिक्ने, विल अफ एक्सेन्ज, प्रोमिशरी नोट, चेक आदी जारी गर्ने भुक्तानी लिने, दिने, एल.सि.खोल्ने, मन्जुर गर्ने यस्तै प्रकारका अन्य आवश्यक कामहरु गर्ने,

४) कम्पनीको लागि प्राप्त हुन सक्ने सबै प्रकारका सुविधा, सहुलियत प्राप्त गर्न नेपाल सरकारको कार्यालयहरु सँग अनुरोध गर्ने, यसको हक र सुविधा उपलब्ध गर्ने र उपयोग गर्ने,

५) कम्पनीको तर्फबाट वा कम्पनी विरुद्ध परेका मुद्दा मामिलाहरुको पुर्पक्ष गर्ने, प्रतिरक्षा गर्ने, लिखित जवाफ पेश गर्ने, यस सम्बन्धमा आवश्यक कानूनी सेवा प्राप्त गरी आफ्नो हक अधिकारको संरक्षण गर्ने, सहुलियत सुविधालाई सुरक्षित राख्ने,

६) कम्पनीलाई आवश्यक पर्ने प्राविधिक, आर्थिक कानुनी लगायतका सल्लाहकार नियुक्ति गर्ने र उनीहरुको सेवाको शर्तहरु निर्धारण गर्ने,

७) कम्पनीको आफ्नो लक्ष्य र उद्देश्य प्राप्त गर्ने विभिन्न सञ्चारका माध्यमहरुबाट विज्ञापन सूचना आदि प्रचार-प्रसार गर्ने, गराउने,

८) कम्पनीले आवश्यकता अनुसार चल अचल सम्पत्ति खरीद गर्ने, आफ्नो नामको जग्गाहरु विक्री गर्ने, भाडामा दिने, सट्टापट्टा गर्ने एवं धितो बन्धक राख्ने,

९) प्रचलित कानूनको अधिनमा रही स्वीकृत लिनुपर्ने विषयमा स्वीकृत लिई कम्पनीको उद्देश्य पूर्तिको लागि आवश्यक सम्झौताहरु गर्ने,

१०) अन्य आवश्यक कुराहरु संचालक समिति र साधारण सभाले कम्पनी ऐन एंव प्रचलित कानूनको अधिनमा रही समय समयमा निर्णय गरे बमोजिम हुनेछ।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :**

यस कम्पनीको कुनै सहायक कम्पनी नरहेको।

**(छ) देहायका कुराहरु समेत उल्लेख गर्नुपर्ने (लागू हुने हदसम्म)**

**(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु**

यस कम्पनीले प्रदान गर्ने सेवाहरुमा जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गरी जलविद्युत उत्पादन गर्ने।

**(२) प्रयोग भएको वा गरिने प्रविधि :**

यो परियोजना Run of River प्रविधिमा आधारित जलविद्युत आयोजना हो। सोही प्रविधि अनुरुप जलश्रोतको उपयोग गरी विद्युत शक्तिको उत्पादन तथा विक्री वितरण गर्ने कार्यका लागि आवश्यक भौतिक संरचना तथा मेशिनहरुको प्रयोग गरिएको छ।

**(३) कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र वित्तीय संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :**

सो नभएको।

**(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र :**

कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता गरेर राष्ट्रिय प्रसारण लाइन मार्फत् वितरण गर्ने व्यवस्था मिलाईएको छ र कम्पनीको प्रमुख बजार नेपाल राज्यभर रहेको छ।

**(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :**

यस परियोजना निर्माण सम्पन्न भइसकेको हुँदा हाल उत्पादन गरिरहेको विद्युत शक्तिलाई नै अधिकतम क्षमतामा उत्पादन गर्ने र थप नयाँ उत्पादन गर्ने वा यसै परियोजनामा सेवा विस्तार गर्ने अन्य कुनै योजना रहेको छैन। तर कम्पनीले यस्तै प्रकारको अन्य विद्युत उत्पादन गर्ने परियोजनाहरुमा भने कार्य गर्ने योजना राखेको छ।

**(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**

कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरीद बिक्री सम्झौता बमोजिम नेपाल विद्युत प्राधिकरणलाई उत्पादित बिक्री गर्ने।

**(७) उत्पादन/ सञ्चालन क्षमता र सोको उपभोग स्थिति :**

माथिल्लो हुग्दी जलविद्युत आयोजनाको उत्पादन क्षमता ५,००० किलोवाट रहेको र उक्त निर्माण कार्य सम्पन्न भई मिति २०७१/१२/०९ गतेदेखि विद्युतको व्यापारिक उत्पादन शुरु भईसकेको छ।

**(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :**

माथिल्लो हुग्दी खोलामा भएको पानी अनुमती पत्रको अधिनमा रही उपयोग गर्ने।

**(९) गुण नियन्त्रपको लागि गरिएको व्यवस्था :**

कम्पनीले गुण नियन्त्रणको लागि गरिएको व्यवस्था तल बुँदागत रुपमा उल्लेख गरिएको :

- जलविद्युत परियोजनाको मुख्य उदेश्य बिजुली उत्पादन गर्नु हो। विद्युत गृहमा प्रयोग भएका सम्पूर्ण उपकरणहरु पूर्ण रुपमा संचालन हुनकालागि कम्पनीले नियमित रुपमा Preventive Maintenance गर्ने गरेको छ र यसका लागि कम्पनीले मेकानिकल इन्जिनियर तथा अपरेटर राखेको छ। समय समयमा गरिएको Preventive Maintenance को रेकर्ड पनि कम्पनीले राखेको।
- मेसिन तथा उपकरणहरु सबै राम्रो स्थितीमा रहेको र यसका कारणले गर्दा विजुलीको Outage हालसम्म नभएको।
- परियोजनासँग सम्बन्धित प्राविधिक पक्षहरुको अवस्थालाई चुस्त दुरुस्त राखी उत्पादन क्षमता तथा गुणस्तर कायम राख्नका लागि आंशिक रुपमा काम गर्ने गरी आवश्यक प्राविधिक जनशक्ति तथा सल्लाहकारको व्यवस्था गरिएको।
- भौतिक पूर्वाधारहरुको पनि समय समयमा नियमित रुपमा चेक जाँच गरी उपकरणहरुको अवस्थाको जानकारी लिने गरिएको।
- नेपाल विद्युत प्राधिकरण र कम्पनी दुवैको समन्वयमा Transmission line मा भएको विद्युत चुहावट पनि वर्षे पिच्छे घट्ने क्रममा रहेको।
- परियोजनामा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिका लागि आवश्यक शिक्षा तथा तालिमको व्यवस्था गरिएको र कार्यरत कर्मचारीहरुलाई अन्य परियोजनास्थलको भ्रमण अवलोकन गर्ने व्यवस्था मिलाइएको।

**(१०) अनुसन्धान तथा विकास :**

यस परियोजना निर्माण सम्पन्न भईसकेको परियोजना भएको हुँदा परियोजनालाई दिर्घकालिन रुपमा यथावत रुपमा सञ्चालन गरिराख्नकालागि समय समयमा आवश्यक अध्ययन तथा अनुसन्धान गरिनेछ र सोही बमोजिम परियोजनालाई अधिकतम क्षमतामा सञ्चालन गर्ने गरी सो को विकास गरिनेछ। त्यसैगरी कम्पनीले यस्तै प्रकारका अन्य विद्युत उत्पादन गर्ने आयोजनाहरुको अनुसन्धान तथा विकास गर्ने कार्यमा अग्रासर रहने छ।

**(११) विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :**

विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी कुनै वाधा, व्यवधान नभएको।

**(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :**

यस परियोजनामा मजदुर संगठन नभएको र व्यवस्थापन तथा कर्मचारीहरु बिच सुमधुर सम्बन्ध रहेको छ। साथै, हालसम्म कुनै प्रकारको औद्योगिक विवाद नभएको।

**(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरुबीच संगठित संस्थाको स्थिति :**

माथिल्लो हुग्दी खोला जलविद्युत आयोजनाको कुल विद्युत उत्पादन क्षमता ५,००० किलोवाट रहेको हुँदा यस आयोजनाले बजारको सानो अंशलाईमात्र परिपूर्ति गरिएको छ। साथै विद्युतको हाहाकार भई ठूलो परिमाणमा उर्जाको माग भैरहेको हुँदा वर्तमान अवस्थामा विद्युत उत्पादन गर्न सकेमा उक्त विद्युत बिक्री गर्न बजारको कुनै समस्या नरहेको। जलविद्युत आयोजनाको लागि कच्चा पदार्थको खोजी तथा जगेडा गर्नु नपर्ने र उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणसँग सम्झौता गरी बिक्री गर्न सकिने हुँदा नेपाली लगानीकर्ताको लागि यो लाभदायक र उपयुक्त क्षेत्र रहेको छ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै–संस्थाको कूल वार्षिक कारोवारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने त्तसम्बन्धी विवरण) :**

कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच खरीद बिक्री सम्झौता भएकोले प्रमुख गाहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै- संस्थाको कूल करोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्तसम्बन्धी विवरण) :**

माथिल्लो हुग्दी जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न भई मिति २०७१/१२/०९ गतेदेखि विद्युतको व्यापारिक उत्पादन शुरु भईसकेको कारणले गर्दा प्रमुख सप्लायर्सहरुसँग निर्भर नरहेको।

**ग.३.ख) सम्पत्तिको विवरण :**

(क) **संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :**

कम्पनीको स्वामित्वमा रहेको हुग्दी खोला जलविद्युत आयोजनाको इनटेक साइट दरविर खेत, हरेवा गा.वि.स र पावरहाउस साइट रुपाकोट गा.वि.समा रहेको छ। कम्पनीको सम्पत्तिको विवरण देहाय बमोजिम रहेको छ।

| सम्पत्ति | आ.व.२०७६/०७७ | सम्पत्ति रहेको स्थान | सम्पत्तिको अवस्था |
|---|---|---|---|
| जग्गा | ६०,५५,८७,३२३.०० | चन्द्रकोट गाँउपालिका वडा नं ६ र ७ साविकको हरेवा गा.वि.स वडा नं ६ र७ रुपाकोट गा.वि.स वडा नं ७ | चन्द्रकोट गाँउपालिका वडा नं ६ र ७ साविकको हरेवा गा.वि.स वडा नं ६ र७ रुपाकोट गा.वि.स वडा नं ७ अवस्थित सम्पूर्ण जग्गा खरीद गरी प्राप्त भएको। |
| भवन | | आयोजना स्थल चन्द्रकोट गाँउपालिका वडा नं ७ साविकको रुपाकोट गा.वि.स वडा नं ७ | निर्माण सम्बन्धि कार्य सम्पन्न भईसकेको र सम्पूर्ण रकम भुक्तान भईसकेको |
| Plant Machinery, Hydro Mechanical And other Equipments | | लुम्बिनी अञ्चल, गुल्मी जिल्ला चन्द्रकोट गाँउपालिका वडा नं ६ र ७ साविकको हरेवा गा.वि.स वडा नं ६ र७ रुपाकोट गा.वि.स वडा नं ७ | सम्पूर्ण उपकरणहरु परियोजनाहरु निर्माण स्थलहरुमा रहेको र जडान कार्यहरु पुरा भईसकेको र हाल संचालनमा रहेको |
| कम्प्युटर, अफिस इक्युपमेन्ट | १८,३१,११०.७० | रजिष्टर्ड कार्यालय हात्तीसार,काठमाडौं र आयोजना स्थल चन्द्रकोट गाँउपालिका वडा नं ७ साविकको रुपाकोट गा.वि.स वडा नं ७ | सम्पूर्ण कम्प्युटर र उपकरणहरु प्राप्त भई हाल संचालनमा रहेको।<br>सम्पूर्ण फर्निचर र फिक्स्चरहरु प्राप्त भईसकेको र हाल संचालनमा रहेको।<br>Kitchen Utilities प्राप्त भई हाल संचालनमा रहेको।<br>अफिस इक्युपमेन्ट र उपकरणहरु प्राप्तभई हाल संचालनमा रहेको। |
| सवारी साधन (मोटरबाइक (बा ५९ प ९२६), जीप बा १० च ६८५७), मोटरबाइक (बा ३८ प १३६५), साइकल | १३२०८०७.२६ | रजिष्टर्ड कार्यालय हात्तीसार,काठमाडौं आयोजना स्थल चन्द्रकोट गाँउपालिका वडा नं ७ साविकको रुपाकोट गा.वि.स वडा नं ७ | सम्पूर्ण सवारी साधनहरु खरीद भई प्राप्त भईसकेको र उक्त सम्पूर्ण सवारी साधनहरु हाल संचालनमा रहेको |
| **जम्मा** | ६०,८७,३९२४०.९६ | | |

(ख) **बुँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने):**

उक्त बुँदामा उल्लेखित सम्पत्ति कम्पनीको आफ्नै हो र सम्झौता अवधि पश्चात नेपाल सरकारलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेको।

(ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण:**

कम्पनीको स्वामित्वमा रहेको सम्पत्ति आयेजना संचालन तथा निर्माणको लागि लिएको सहवित्तीयकरण कर्जाको लागि लिड बैंक एनएमबि बैंक लिमिटेड (साविक क्लिन इनर्जी डेभलपमेन्ट बैंक लिमिटेड) र सहभागी बैंकहरुमा कुमारी बैंक लिमिटेड, लुम्बिनी विकास बैंक लिमिटेड (साविक भिवोर विकास बैंक लिमिटेड), माछापुच्छ्रे बैंक लिमिटेड र सेन्चुरी कर्मसियल बैंक लिमिटेडको नाममा धितो रहेको छ।

(घ) **आर्थिक वर्ष समाप्त भए पश्चात विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्य बीच फरक समायोजन वा मूल्यांकन गरिएको भए सो को विवरण:**

परलमोलमा नियमअनुसार गर्नुपर्ने ह्रास कट्टी गरी लेखामान अनुसार बाँकी रहेको वास्तविक सम्पत्तिलाई सम्पत्तिको रुपमा राखिएको छ।

**(ङ) सम्पत्तिको मूल्यांकन गरिएको तरिका सम्बन्धी विवरण:**
कम्पनीको सम्पूर्ण सम्पत्ति वास्तविक खर्चको हिसावमा कायम गरिएको छ र सोको पुनर्मूल्यांकन गरिएको छैन।

**ग.३.ग) भावी योजना तथा रणनीति :**

**(क) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति:**
कम्पनीले आफ्नो व्यवसाय/सेवाको बृद्धिका लागि चाल्ने भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति निम्नानुसार छन्।

- कम्पनीको मुख्य उद्देश्य नेपालको जलविद्युत विकासमा एक अग्राणी कम्पनीको रुपमा स्थापित गर्ने।
- नयाँ जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी अन्य जलविद्युत आयोजनाहरु समेत निर्माण गर्ने।
- कम्पनीले सरकारी निकायहरुसगँ भएको सम्झौता बमोजिम देशमा रहेको जलश्रोतको अधिकतम उपयोग गरी विद्युत उत्पादन गर्ने र सो लाई नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरी देशलाई आवश्यक परेको विद्युत शक्तिलाई केही हदसम्म कम गर्न कम्पनी प्रतिबद्ध रहेको छ।
- कम्पनीले आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रुपमा सम्भाव्य देखिएको जलविद्युत आयोजनाहरुमा लगानी गर्ने।

**(ख) प्रतिष्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**
देशमा माग भए बमोजिम विद्युत आपूर्तिको कमी रहेको हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैमा सह्रानिय काम भएको र विद्युत खरीद उत्पादन हुनु अगावै विद्युत बिक्री सम्बन्धी सम्झौता समेत सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योगसँग प्रतिस्पर्धा नरहने हुदाँ यस कम्पनीले जलविद्युत क्षेत्रमा आफ्नो अलग पहिचान स्थापित गर्न सफल हुनेछ। नेपालमा जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा विद्युत माग र पूर्ति बीच ठुलो अन्तर रहेको छ। जसले गर्दा नेपाली जनताहरुको माग तथा उद्योगकालागि आवश्यक मात्रामा विद्युत आपूर्ति हुन सकिरहेको छैन। जलविद्युत आयोजनाहरुको पर्याप्त विकास हुन सके नेपाल लगायत छिमेकी मुलुकहरुमा समेत निर्यात गर्न सकिन्छ। त्यसैले हालको अवस्थामा यस व्यवसायमा प्रतिस्पर्धाको अवस्था सृजना हुन सक्ने सम्भावना ज्यादै न्यून रहेको छ। यसर्थ कम्पनीले आफ्नो व्यवसायको निरन्तरताकालागि अगाडी बढाएका जलविद्युत आयोजनाहरुको पहिचान तथा विकास गर्दा अन्य वस्तुको उत्पादनमा जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन।

**घ) सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था**

**संचालक समितिको संरचना, संचालकहरुको योग्यता र प्रतिनिधित्व तथा संचालक हुनुको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :**

यस कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार देहाय बमोजिम प्रतिनिधित्व हुने गरी ७ (सात) जना सञ्चालक रहेको एक सञ्चालक समिति हुनेछ। जसमध्ये १ जना महिला सञ्चालक अनिवार्य रहनु पर्नेछ।

| | |
|---|---|
| संस्थापक समूहका शेयरधनीहरुबाट निर्वाचित | ५ (पाँच) जना |
| सर्वसाधारण समूहका शेयरधनीहरुबाट निर्वाचित | १ (एक) जना |
| स्वतन्त्र सञ्चालक | १ (एक) जना |

नोट : हाल यस कम्पनीमा सर्वसाधारण समूह तथा स्वतन्त्र सञ्चालक समेत गरी दुई जना सञ्चालकको पद रिक्त रहेको छ।
सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ।
यस कम्पनीको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार कम्पनीको सञ्चालक पदमा नियुक्त हुनको लागि कुनैपनि शेयरधनीले आफ्नो नाममा १०० (एक सय) कित्ता शेयर लिएको हुनुपर्नेछ। तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन।

**ग.४. पूँजी संरचना सम्बन्धी जानकरी :**

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

**अधिकृत पूँजी :** कम्पनीको अधिकृत पूँजी रु. ५०,००,००,०००।- (अक्षरेपी पचास करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००।– का दरले ५०,००,००० (पचास लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।

**जारी पूँजी** : कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु. ४०,७७,०५,५००।- (अक्षरेपी चालिस करोड सतहत्तर लाख पाँच हजार पाँच सय मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००।– का दरले ४०,७७,०५५ (चालिस लाख सतहत्तर हजार पचपन्न) थान शेयरमा विभाजन गरिएको छ।

**चुक्ता पूँजी:** हाल कम्पनीको चुक्ता पूँजी रु. ३२,६१,६४,४००/- (अक्षरेपी बत्तीस करोड एकसठ्ठी लाख चौसठ्ठी हजार चार सय रुपैंया मात्र) रहेको छ। उक्त पूँजीलाई रु. १००।- का दरले ३२,६१,६४४ (बत्तीस लाख एकसठ्ठी हजार छ सय चवालिस) थान शेयरमा

विभाजन गरिएको छ। यस विवरण पत्र मार्फत रु. ४,०७,७०,५००।- (चार करोड सात लाख सत्तरी हजार पाँच सय मात्र) बराबरको शेयर रकम आयोजना प्रभावित क्षेत्रका स्थानीय वासिन्दालाई शेयर निष्काशन गरे पश्चात चुक्ता रकम रु. ३६,६९,३४,९००।- हुनेछ। साथै, आयोजना प्रभावित क्षेत्रका स्थानीय वासिन्दालाई शेयर निष्काशन गरे पश्चात रु. ४,०७,७०,६००।- बराबरको रकम सर्वसाधारणलाई निष्काशन गर्ने र सो निष्काशन तथा बाँडफाँड पश्चात कम्पनीको चुक्ता रकम रु. ४०,७७,०५,५००।- (अक्षेरुपी चालिस करोड सतहत्तर लाख पाँच हजार पाँच सय मात्र) हुनेछ।

**अधिकृत, जारी तथा चुक्ता पूँजीमा भईआएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

यस कम्पनीको स्थापना पश्चात् पूँजीमा भएको परिवर्तन सम्बन्धी विवरण :

| क्र.सं | आ. व. | अधिकृत पूँजी | जारी पूँजी | चुक्ता पूँजी | कैफियत |
|---|---|---|---|---|---|
| १. | २०६२/१२/०९ | रु.१,००,००,०००/- | रु.१,००,००,०००/- | रु.१,००,००,०००/- | - |
| २. | २०६६/०३/२१ | रु.२४,००,००,०००/- | रु.२४,००,००,०००/- | रु.१,००,००,०००/- | - |
| ३. | २०६६/०६/२३ | रु.२४,००,००,०००/- | रु.२४,००,००,०००/- | रु.१,३२,००,०००/- | - |
| ४. | २०६७/१२/०६ | रु.२४,००,००,०००/- | रु.२४,००,००,०००/- | रु.३,०१,४१,०००/- | - |
| ५. | २०६८/०२/३० | रु.५०,००,००,०००/- | रु.५०,००,००,०००/- | रु.३,०१,४१,०००/- | - |
| ६. | २०६८/११/०२ | रु.५०,००,००,०००/- | रु.५०,००,००,०००/- | रु.४,२५,४१,०००/- | - |
| ७. | २०६९/०३/०६ | रु.५०,००,००,०००/- | रु.५०,००,००,०००/- | रु.४,३५,४१,०००/- | - |
| ८. | २०७२/०४/११ | रु.५०,००,००,०००/- | रु.३९,०१,५०,०००/- | रु.२७,३१,००,०००/- | - |
| ९. | २०७५/०३/२७ | रु.५०,००,००,०००/- | रु.४०,७७,०५,५००/- | रु.३२,६१,६४,४००/- | कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७५/०३/२७ को शेयर लगत प्रमाणित विवरण अनुसार रु.३२,६१,६४,४००/– कायम भएको। |

**(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप :**

साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

| समूह | शेयरधनीहरु | साधारण शेयर संख्या | पूँजी प्रतिशत (%) | चुक्ता रकम | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ३२६१६४४ | **८0%** | ३२६१६४,४००/- | **शत प्रतिशत** |
| ख | आयोजना प्रभावित क्षेत्रका बासिन्दा शेयरधनीहरु | ४,०७,७०५ | १0% | ४,०७,७०,५००/- | निष्काशन पश्चात शत प्रतिशत हुने |
| ग | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित) | ४,०७,७०६ | १0% | ४,०७,७०,६००/- | निष्काशन पश्चात शत प्रतिशत हुने |
| **जम्मा** | | **४0,७७,0५५** | **१00%** | **४0,७७,0५,५००/-** | **शत प्रतिशत** |

नोट : आयोजना प्रभावित क्षेत्र गुल्मी जिल्लाका स्थानीय बासिन्दाहरुको लागि निष्काशन गरिएको धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा बिक्री नभई बाँकी रहेको धितोपत्र सर्वसाधारणमा निष्काशित गरिने धितोपत्रमा थप गरी बिक्री गरिनेछ। यसरी थप गर्दा कर्मचारी तथा सामूहिक लगानी कोष योजनालाई निष्काशन गरिने धितोपत्र तथा सर्वसाधारणलाई निष्काशन गरिने धितोपत्रको संख्यामा समेत सोही बमोजिम हेरफेर हुनेछ र नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई आव्हानपत्र प्रकाशित गर्दा सोही बमोजिम प्रकाशित गरिनेछ।

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्)**

यस संगठित संस्थाको शेयर प्रिमियम खाता सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :

शेयर प्रिमियम खाता (निष्काशन पूर्व) : सो नभएको

शेयर प्रिमियम खाता (निष्काशन पश्चात) : रु. ८१,५४,१२०/-

**ग.५. संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :**

**ग.५.क) संस्थापक/सञ्चालकको पृष्ठभूमिः**

**(क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :**

- **आधारभूत शेयरधनीको विवरण**

| क्र.सं. | नाम, ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित वा अन्य) |
|---|---|---|---|---|---|---|---|
| १ | श्री भरत प्रसाद नेपाल, देउराली-३, पाल्पा | सञ्चालक | ५८ | नेपाली | ४,८५,०५० कित्ता | स्नातक | लुम्बिनी सुगर मिल्समा १९९३ देखी २००७ सम्म १४ बर्ष सिनियर प्रशाशन प्रमुखको अनुभव। |
| २ | पुर्वान्चल इनभेष्टमेन्ट एण्ड डेभलपमेन्ट प्रा.लि, विर्तामोड २, झापा | आधारभूत शेयरधनी | लागू नहुने | नेपाली | ४३,६०० कित्ता | लागू नहुने | लागू नहुने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | सावित्री अधिकारी, धादिङ्ग धुवाकोट ८ | आधारभूत शेयरधनी | ४४ | नेपाली | ४६,८७० कित्ता | एसएलसी | गृहिणी |
| ४ | तारा प्रसाद संजेल, अर्जुनधरा - ५, झापा | आधारभूत शेयरधनी | ७० | नेपाली | ५४,५०० कित्ता | बि.एड. | निबृत्त शिक्षक भानु उच्च मा.वि. झापा |
| ५ | हरी प्रसाद निरौला, अर्जुनधरा - ५, झापा | आधारभूत शेयरधनी | ७० | नेपाली | ५४,५०० कित्ता | आई ए. | समाजसेवी |
| ६ | डम्बर ब. देउजा, अर्जुनधरा - ५, झापा | आधारभूत शेयरधनी | ५५ | नेपाली | ५४,५०० कित्ता | प्रविणता प्रमाण-पत्र तह | बहालवाला शिक्षक पञ्च रत्न मा.वि. झापा |
| ७ | आदर्श नागरीक इनभेष्टमेन्ट कम्पनी प्रा.ली, बुटवल ८, रुपन्देही जिल्ला | आधारभूत शेयरधनी | लागू नहुने | नेपाली | ६६,४९० कित्ता | लागू नहुने | लागू नहुने |
| ८. | डा.संदिप शाह का.म.न.पा. १०, काठमाण्डौ जिल्ला | आधारभूत शेयरधनी | ५१ | नेपाली | ४९,०५० कित्ता | पि.एच.डि. | विभिन्न स्वदेशी तथा विदेशी जलविद्युत् आयोजनाको अध्ययन, निर्माण तथा संचालनको अनुभव ।<br>सञ्चालक- बुटवल पावर कम्पनी लि. |
| ९. | एकराज पाण्डे मदानपुर ६, नुवाकोट जिल्ला | आधारभूत शेयरधनी | ४५ | नेपाली | १,२७,५३० कित्ता | बि.कम | व्यवसायमा संलग्न |
| १०. | निरा अर्याल का.म.न.पा. ५, काठमाण्डौ जिल्ला | आधारभूत शेयरधनी | ४३ | नेपाली | ८१,७५० कित्ता | बि.ए | गृहिणी |

- **सञ्चालकहरुको विवरण :**

| क्र.सं. | नाम, ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव | | प्रस्तावित व्यापार/व्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | सम्बन्धित | अन्य | |
| १ | श्री आशिष सुवेदी, का.म.न.पा -१, काठमाडौं जिल्ला | सञ्चालक | ४५ | नेपाली | १०,९०० | एम.एस.सि. हाइड्रो पावर डेभलपमेन्ट | ➢ आयोजना व्यवस्थापन, करार व्यवस्थापना, जलविद्युत योजना तर्जुमा गर्ने, | ➢ कंक्रिट व्यवसायमा संलग्न | नभएको |
| २ | श्री भरत प्रसाद नेपाल, देउराली-३, पाल्पा | सञ्चालक | ५८ | नेपाली | ४,८५,०५० | स्नातक | - | ➢ लुम्बिनी सुगर मिल्समा १९९३ देखी २००७ सम्म १४ बर्ष सिनियर प्रशाशन प्रमुखको अनुभव । | नभएको |
| ३ | श्री मिन राज कडेंल बेनीघाट-१, धादिङ्ग जिल्ला | सञ्चालक | ६२ | नेपाली | १०,९०० | बि.ए बि.एड. | - | ➢ राष्ट्रिय सहकारी महासंघ, पुल्चोक, ललितपुर- अध्यक्ष | नभएको |
| ४ | श्री गम प्रसाद रेश्मी बुटवल-१०, रुपन्देही जिल्ला | सञ्चालक | ६० | नेपाली | ५,४५० | डिप्लोमा ईन इन्जिनियरङ | - | ➢ साकुरा पाइप उद्योग प्रा.लि मा संचालक २०६६.१२.१७ देखी सञ्चालनमा | नभएको |
| ५ | श्री चन्द्र बहादुर पुन शंकरनगर ६, रुपन्देही जिल्ला | सञ्चालक | ५७ | नेपाली | २,१८० | राजनिती शास्त्रमा स्नाकोत्तर | - | ➢ रिटायर्ड आर्मी कर्नेल अफिसर | नभएको |

यस कम्पनीको अध्यक्षको रुपमा श्री आशिष सुवेदी कार्यरत रहनु भएको छ। का.म.न.पा -१, काठमाडौं स्थायी बसोबास रहनु भएका श्री आशिष सुवेदीले स्नाकोत्तरसम्मको शैक्षिक योग्यता हासिल गर्नुभएको छ।

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

| क्र.सं | संस्थापकहरुको नाम तथा ठेगाना | संक्षिप्त विवरण | संचालकहरुको नाम तथा ठेगाना |
|---|---|---|---|
| १ | आदर्श नागरीक इनभेष्टमेन्ट कम्पनी प्रा.लि, बुटवल, रुपन्देही | व्यापार प्रकृति : ब्यापारीक सेवा, सम्पति ऋणमा लगानी<br>रजिष्टर्ड नं. १२५९ /०६७ /०६८<br>दर्ता मिति : २०६७०५२१<br>प्यान नं.३०४४१२३३०<br>अधिकृत पूँजी :९,००,००,०००.०० | होम बहादुर गलामी, बुटवल ९, रुपन्देही-अध्यक्ष<br>गम प्रसाद रेश्मी, बुटवल ८, रुपन्देही- संचालक<br>खेमराज पुन, बुटवल ८, रुपन्देही-संचालक<br>धन बहादुर राना, हुगां २ गुल्मी अध्यक्ष-संचालक<br>हिरा कुमारी थापा, लिम्घा ८ गुल्मी-संचालक<br>नर बहादुर श्रीस, हरिचौर १ बाग्लुङ-संचालक<br>ज्ञान बहादुर थापा, बुटवल ११, रुपन्देही-संचालक<br>ठाकुर बहादुर राना, ख्याहा ८ पाल्पा-संचालक<br>बेनिराम राना, चिर्तुङ्गधारा ८ पाल्पा-संचालक |
**(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :**

**आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको हकमा:**

भौतिक आवेदन फारम मार्फत आवेदन गरेकाको हकमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा २९ (३) मा भएको व्यवस्था अनुसार उपदफा (२) बमोजिम भुक्तानी फिर्ता गर्दा धितोपत्र बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्म सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिनेछ। आस्वा मार्फत आवेदन दिएकाको हकमा यो व्यवस्था लागुहुने छैन।

**सर्वसाधारण शेयरधनीको हकमा :**

यस निष्काशनमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आस्बा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएकोले सो व्यवस्था लागू हुने छैन।

**(घ) धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधि :**

**आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको हकमाः**

यस विवरणपत्र अनुसार आयोजना प्रभावित क्षेत्र गुल्मी जिल्लाका स्थानीय बासिन्दाहरुको लागि जारी गरिने ४,०७,७०५ कित्ता साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४ तथा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था अनुसार निर्धारित समयभित्र बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइ प्रचलित व्यवस्था अनुसार निर्धारित अवधिभित्र बाँडफाँडबाट कायम भएका शेयरधनीहरुलाई प्रमाणपत्र जारी गरिनेछ। आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई जारी गरिने शेयर प्रमाणपत्र बाँडफाँट भएको मितिले ३ वर्षसम्म बिक्री वितरण गर्न नपाईने व्यहोरा उल्लेख गरी वितरण गरिनेछ। आयोजना प्रभावित क्षेत्रका स्थानीयहरुलाई जारी गरिएको सम्पूर्ण शेयर खरीदकालागि आवेदन पर्न नआई बाँकी रहन गएमा उक्त बाँकी रहेको शेयर सर्वसाधारणलाई निष्काशन गर्नकालागि छुट्याईएको शेयरमा थप गरी निष्काशन गरिनेछ।

**सर्वसाधारण शेयरधनीको हकमा :**

यस विवरणपत्र मार्फत सर्वसाधारणको लागि जारी गरिने ४,०७,७०६ कित्ता (आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुबाट खरीद नभई शेयर बाँकी रहन गएमा सो समेत) साधारण शेयरहरुको प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४, सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको निर्धारित समयभित्र बाँडफाँड गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता भए पश्चात आवेदन फाराममा उल्लेख भएको हितग्राही खातामा बाँडफाँडमा परेको शेयर वितरण/जम्मा गर्ने व्यवस्था मिलाईनेछ।

**(ङ) धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्वन्धी विवरण :**

निष्काशन गर्ने साधारण शेयर हाल सूचिकरण भइसकेको छैन। सर्वसाधारणलाई शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात एकैसाथ नेपाल स्टक एक्सेन्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा धितोपत्र दर्ता गराई शेयर खरीद विक्रीको व्यवस्था मिलाईनेछ।

**(च) धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्वन्धी विवरण :**

निष्काशन गरिने साधारण शेयर " धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयर (आयोजना प्रभावित क्षेत्र गुल्मी जिल्लाका स्थानीय बासिन्दा र सर्वसाधारणको बाँडफाँड गरे पश्चात नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा प्रचलित सूचीकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा धितोपत्र दर्ता गराई शेयर खरीद बिक्रीको व्यवस्था मिलाईनेछ।

**ग.१०. च) प्रत्याभूति सम्बन्धी विवरणः**

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम**

यस विवरणपत्र मार्फत सर्वसाधारणमा निष्काशन गर्न लागेको रु. ४,०७,७०,६००/- रकम बराबरको सम्पूर्ण ४,०७,७०५ कित्ता शेयरको प्रत्याभूतिकालागि तथा आयोजना प्रभावित क्षेत्र गुल्मी जिल्लाका स्थानीय बासिन्दाहरुलाई छुट्याईएको रु. ४,०७,७०,५००/- रकम बराबरको ४,०७,७०५ कित्ता शेयरमध्ये आवेदन पर्न नआई वा बिक्री नभई शेयर बाँकी रहेमा सो बाँकी रहेको शेयर समेत प्रत्याभुत गर्नकालागि श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंद्वारा प्रत्याभूतिकालागि प्रतिवद्धता सहित सम्झौता प्राप्त भएको छ।

**(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरु**

प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरु देहाय बमोजिम रहेको छ :

१. यस कम्पनीले प्रिमियममा सर्वसाधारणमा निष्काशन गर्न लागेको प्रिमियम सहित जारी मूल्य रु. १२०/- अंकित दरका ४,०७,७०६ कित्ता शेयरले हुन आउने कूल रकम रु. ४,८९,२४,७२०/- (अक्षेरेपी चार करोड उनानब्बे लाख चौबिस हजार सात सय बीस मात्र) र आयोजना प्रभावित स्थानीय बासिन्दाहरुलाई जारी गरिने ४,०७,७०५ कित्ता शेयरको प्रति शेयर अंकित तथा जारी मूल्य रु.१००/- को रु. ४,०७,७०,५००/- (अक्षेरेपी चार करोड सात लाख सत्तरी हजार पाँच सय मात्र) को शतप्रतिशतले हुन आउने कूल रकम रु. ८,९६,९५,२२०/- (अक्षेरेपी आठ करोड छयानब्बे लाख पन्चानब्बे हजार दुई सय बीस मात्र) बराबरको साधारण शेयरको लागि प्रत्याभूति गर्न प्रत्याभूतिकर्ता मञ्जुर गर्दछ।

२. प्रथम पक्षले प्राथमिक निष्काशन मार्फत सर्वसाधारणहरुमा प्रिमियम सहित रु.१२०/- अंकित दरमा निष्काशन गरिने ४,०७,७०६ कित्ता शेयरले हुने कुल रकम रु.४,८९,२४,७२०/- (अक्षरुपी चार करोड़ उनान्नब्बे लाख चौबिस हजार सात सय बीस मात्र र स्थानीयलाई जारी गरिने ४,०७,७०५ कित्ता शेयरको अंकित तथा जारी मूल्य रु १००/- को रु.४,०७,७०,५००/- (अक्षरुपी चार करोड़ लाख सत्तरी हजार पाँच सय मात्र गरी कूल ८,१५,४५१ कित्ताले हुने जम्मा रु. ८,९६,९५,२२०/- (अक्षरुपी आठ करोड छयान्नब्ये लाख पन्चानब्बे हजार दुई सय बीस मात्र) बराबरको साधारण शेयरको प्रत्याभूति गरे वापतको कमिशन बापत १

प्रतिशतका दरले रु ८९६,९५२/२० ( अक्षरुपी आठ लाख छयान्नब्बे हजार नौ सय बाउन्न रुपैया बीस पैसा मात्र) आवश्यक कर कट्टी गरी प्रत्याभूतिकर्तालाई भुक्तानी गर्न मञ्जुर गर्दछ। उक्त कमिशन वापतको रकम यो सम्झौता भएको मितिले ७ (सात) दिनभित्र भुक्तानी दिन प्रथम पक्ष मञ्जुर गर्दछ। सो रकममा प्रत्याभूतिकर्ताले नेपाल धितोपत्र बोर्ड लाई दिनुपर्ने ५ प्रतिशत कमिशन रकम समेत संलग्न हुनेछ। प्रत्याभूति गरिएको शेयर पूर्ण वा आंशिक रुपमा बिक्री नभएमा प्रत्याभूतिकताले बिक्री हुन बाँकी शेयर खरीद गर्नु पर्ने अवस्था भएमा खरीद गर्ने शेयरको थप ३ प्रतिशतका दरले प्रत्याभूति कमिशन प्रथम पक्षले प्रत्याभुतिकर्तालाई भुक्तानी गर्नेछ। कथंकदाचित कुनै कारणबस सर्वसाधारणहरुमा शेयर निष्काशन हुन नसक्ने अवस्था सृजना भएमा प्रत्याभूति कमिशन बापतको रकमको ५० प्रतिशत रकममा आवश्यक कर कट्टी गरी प्रथम पक्षलाई द्वितीय पक्षले फिर्ता भुक्तानी गर्नेछ।

३. प्रत्याभूति गरिएको शेयर पूर्ण वा आंशिक रुपमा विक्री नभएमा स्थानिय तथा सर्वसाधारणहरुलाई शेयर बाँडफाँड गरेको मितिले बढिमा ३५ (पैतिस) दिन वा आपसी सहमति गरे अनुसारको अवधिभित्र बिक्री हुन बाँकी शेयर समानुपातिक हिसावले (नेपाल धितोपत्र बोर्डले प्राथमिक निष्काशनको लागि स्वीकृत गरेको अंकित मुल्यका दरले प्रत्याभुतिकर्ताले खरीद गर्नेछ। साथै प्रथम पक्षले शेयर वापतको रकम प्राप्त गरे पश्चात् उक्त शेयरको स्वामित्व यथाशिघ्र प्रत्याभूतिकर्तालाई हस्तान्तरण गर्नु पर्नेछ।

४.प्रथम पक्षको शेयर स्थानिय तथा सर्वसाधारणमा बिक्री गर्दा सम्पूर्ण शेयरकालागि आवेदन प्राप्त भएमा प्रत्याभूति दायित्व स्वतः समाप्त हुनेछ।

५.यस सम्झौताको समयावधि मिति २०७८/०१/०१ सम्म लागू हुनेछ।

६. प्रत्याभूति गरेको शेयर माथि बुंदा नं ३ अनुसार ग्रहण गर्नु परेमा उक्त शेयरहरु ग्रहण गरेपछि सर्वसाधारण शेयरधनी सरह प्रत्याभूतिकर्तालाई समेत शेयर प्रतिको हक अधिकार प्राप्त हुनेछ।

७. यस सम्झौताको व्याख्यामा वा कार्यान्वयनमा मत भिन्नता भएमा वा विवाद उत्पन्न भएमा दुबै पक्षको सहकार्यमा विवाद निरोपण गरिनेछ। सो बाट विवाद निरोपण नभएमा दुबै पक्षले एक-एक जना मध्यस्थता नियुक्त गर्ने। यसरी नियुक्त मध्यस्थकर्ताको आपसी सहमतिमा मुख्य मध्यस्थकर्ता (Principal Arbitrator) को नियुक्ती गरीनेछ र मध्यस्थकर्ताद्धारा गरिएको निर्णय दुबै पक्षलाई मान्य हुनेछ। मध्यस्थता सम्बन्धी लाग्ने खर्च सबै पक्षले समानुपातिक रुपमा बराबर व्यहोर्ने छन्। मध्यस्थको कार्यालय काठमाडौमा रहनेछ। मध्यस्थकर्ताले अपनाउने कार्यविधि मध्यस्थता ऐन, २०५५ बमोजिम हुनेछ।

८.यस सम्झौताका दुबै पक्षहरुको मञ्जुरीबाट सम्झौतामा भएका शर्त बन्देजहरु फेरबदल गर्न सकिनेछ। यस्तो फेरबदललाई सम्झौता कै अभिन्न अंग मानिन्छ। यस सम्झौताको कार्यान्वयन मुलुकी देवानी (संहिता) ऐन, २०७४ बमोजिम हुनेछ।

**ग.१०.छ) आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्वन्धी विवरण**

धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्वन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ/गरिनेछ। साथै, लाभांश, हकप्रद शेयर आदि सम्बन्धी विवरण कम्पनीले नियमित रुपमा आर्जन गर्ने मुनाफा, तथा कम्पनीको पूँजी योजना अनुसार प्रचलित कानुन बमोजिम गरिनेछ।

**(ख) नियमावली, प्रवन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण**

१. कम्पनीको प्रवन्धपत्र तथा नियमावली कम्पनीको रजिर्ष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौं जिल्ला, हात्तिसार र यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी प्राप्त गर्न सकिने छ।

२. आयोजना प्रभावित क्षेत्र गुल्मी जिल्लाका स्थानीय बासिन्दा तथा सर्वसाधारण आवेदकले कम्तीमा १० (दश) कित्ता शेयर खरीदका लागि आवेदन दिनुपर्नेछ। १० (दश) कित्ताभन्दा बढी शेयरका लागि आवेदन दिंदा १० (दश) अङ्कको गुणन संख्यामा अधिकतम ४ लाख कित्ता शेयरका लागि आवेदन दिन सक्नेछन्। आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले साधारण शेयरका लागि आवेदन दिंदा आफुले खरीद गर्न चाहेको प्रति साधारण शेयर वापत रु. १००/- (एक सय) का दरले हुन आउने एकमुष्ठ रकम दरखास्तसाथ बुझाउनु पर्नेछ। रु. ५०,०००/- भन्दा बढी रकमका लागि आवेदन दिंदा एकाउण्ट पेयी चेक मार्फत मात्र आवेदन रकम दिनुपर्नेछ।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचय पत्र र सम्वन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोवार गरिनुपर्ने जस्ता पक्षहरु**

**आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको हकमाः**

आयोजना प्रभावित क्षेत्र गुल्मी जिल्लाका स्थानीय बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा खरीद गर्न आवेदन दिन सक्नेछन्।

१. तोकिएका संकलन केन्द्र मार्फत आवेदन दिन चाहने आवेदकले दरखास्त फाराममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपमा हालसालै खिचेको पासपोर्ट साईजको फोटो, गुल्मी जिल्लाबाट जारी नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहित (स्वयं प्रमाणित गरी) दरखास्त फारम बुझाउनु पर्नेछ।

२. हितग्राही खाता खोलिसकेका स्थानीय बासिन्दाहरुले नेपाल धितोपत्र बोर्डबाट सि-आस्बा (C-ASBA) सदस्यता प्राप्त गरेका बैंक तथा वित्तीय संस्थाहरुबाट मार्फत पनि आवेदन फारम प्राप्त गर्न तथा बुझाउन सकिनेछ। यसरी आवेदन फारम बुझाउँदा आवेदकले गुल्मी जिल्लाबाट जारी नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य रुपमा बुझाउनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाले समेत सो नागारिकताको प्रमाणपत्र गुल्मी जिल्लाबाट जारी भए नभएको रुजु गरेर मात्र आवेदन फारम स्वीकार गर्नुपर्नेछ।

३. १६ बर्ष भन्दा कम उमेरका स्थानीयले आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपी संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ। साथै दरखास्त फाराममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ। आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्व ग्रहण गरेको प्रमाणपत्र पेश गर्नुपर्नेछ।

४. नेपाल धितोपत्र बोर्डबाट यस विवरणपत्रको स्विकृती प्राप्त भएको मिति २०७७/१०/२१ भित्रमा गुल्मी जिल्लामा स्थायी रुपमा बसाई सराई गरी वा विवाह गरी आएका तथा सो मितिसम्ममा गुल्मी जिल्लामा बसाई गरेका स्थानीयहरुले यस निष्काशनमा आवेदन गर्न सक्नेछन्। यसैलाई आधार मानी सो मिति पूर्व अन्य जिल्लाबाट विवाह भै आएका महिला तथा बसाई सराई गरी आएका व्यक्तिहरुको हकमा मिति खुलेको विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपी वा बसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनु पर्नेछ।

५. नेपाल धितोपत्र बोर्डबाट यस विवरणपत्र स्विकृती प्राप्त भएको मिति २०७७/१०/२१ भित्रमा अन्य जिल्लाबाट विवाह गरी आएका वा बसाइ सराई गरी गुल्मी जिल्लामा आएका व्यक्तिहरुले यस निष्काशनमा सि आस्वा मार्फत शेयर खरीदकालागि आवेदन दिंदा निजहरु गुल्मी जिल्लाको स्थानीय भन्ने पुष्टी नहुने भई निजहरुको आवेदन अस्वीकृत हुने हुँदा निजहरुले तोकिएको संकलन केन्द्र मार्फत मात्र बसाई सराई वा विवाह दर्ताको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा संलग्न गरी भौतिक रुपमा नै आवेदन गर्नुपर्नेछ।

६. माथि उल्लेखित स्थानीय बासिन्दाका सम्बन्धमा वा शेयर खरीद प्रक्रियामा कुनै विवाद आएमा सम्बन्धित गाउँपालिकाको सर्वदलीय संयन्त्रको निर्णय वा जिल्ला विकास समितिको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र बमोजिम हुनेछ।

७. नेपाल धितोपत्र बोर्डबाट यस विवरणपत्र स्विकृती प्राप्त भएको मिति २०७७/१०/२१ भन्दा अगावै १६ बर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी अन्य जिल्लामा गएका महिला एवं जिल्ला छोडी बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन।

८. आवेदन फारम बुझाउँदा दरखास्त फाराममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ।

९. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ। यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ।

१०. साधारण शेयर खरीद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फाराममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरीदका लागि दरखास्त बुझाउनु पर्नेछ। यसरी दरखास्त फाराममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा दरखास्त फारम बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ।

११. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुकालागि निष्काशन गरिने शेयरमा बाँडफाँडमा परेका स्थानीयहरुले सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन्।

१२. सम्पूर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ। दरखास्तवालाले दरखास्त फाराममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ।

१३. रु. ५०,०००/- भन्दा बढी रकमको लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ।

१४. रु. ५,००,०००/- सम्मका लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) पेश गर्नुपर्नेछ। रु. ५००,०००/- भन्दा बढी रकमको आवेदन दिने आवेदकहरुले आफुले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।

**सर्वसाधारण शेयरधनीको हकमा :**

१. आयोजना प्रभावित क्षेत्र गुल्मी जिल्लाका बासिन्दाकालागि छुट्ट्याईएको शेयरमा आवेदन दिएका बासिन्दा बाहेकका कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरीद गर्न आवेदन दिन सक्नेछन् ।

२. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तिय संस्थामार्फत मात्र आवेदन दिनुपर्नेछ।

३. आवेदकले आवेदन दिनुपूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तिय संस्थामा गई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य संचालन निर्देशिका, २०७४ को अनुसूची ४ बमोजिमको सि-आस्बा रजिष्ट्रेशन फारम भरी CRN नम्बर लिनुपर्नेछ।

४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा उल्लेख गरेको विवरण मिल्नुपर्नेछ।

५. आवेदकले CRN नम्बर प्राप्त गरे पश्चात शेयर खरीदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तिय संस्थामा धितोपत्र खरीदका लागि आवेदन दिनुपर्नेछ।

६. आवेदकले आवेदन फाराममा उल्लेख गरेको हितग्राही खाता नम्बर र अन्य विवरण सि-आस्बा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनुपर्नेछ।

७. सि आस्वा मार्फत आवेदन दिने आवेदकले सम्बन्धित बैंक तथा वित्तीय संस्थाले उपलब्ध गराएको अनुसूची ४ को सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना।

ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता।

घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा)।

ङ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा)।

च. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम।

छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर।

८. आवेदकहरुले आवेदन दिंदा आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनुहुँदैन।

९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ।

१०. सर्वसाधारणको हकमा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नम्बर लिईसकेको हुनुपर्नेछ।

११. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।

१२. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुँदा सो कुराको जानकारी आवेदक स्वयंले बुझ्नु पर्नेछ।

१३. धितोपत्र बाँडफाँट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा विक्री प्रबन्धकलाई दिनुपर्नेछ।

१४. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।

१५. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ।

१६. रु. ५,००,०००/- भन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) पेश गर्नुपर्नेछ। रु. ५००,०००/- भन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।

**ग.११ सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण:**

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्थासँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

**(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति:**
सो नभएको ।

**(ख) आधारभूत शेयरधनी:**
सो नभएको ।

**(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्य :**
सो नभएको ।

**(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :**
सो नभएको ।

**(ङ) संगठित संस्थाको वा यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा वित्तीय संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा :**
सो नभएको ।

**(च) कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको व्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदिको विवरण:**
सो नभएको ।

**ग.१२. .विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण**

**विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु:** सो नभएको ।

**ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको विगत ३ आर्थिक वर्षको त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्या**
सो नभएको ।

**(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नुभन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोबार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या**
सो नभएको ।

**ग.१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण**

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखित गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :**

सो नभएको ।

**ग.१५. परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण:**

**क) लेखापरीक्षक/प्रमुख बैंक, निष्काशन कार्य सँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना**

- **लेखापरीक्षक** :
  कम्पनीको आ.व.२०७६/७७ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण पि.एल.श्रेष्ठ एण्ड कम्पनीका चार्टर्ड एकाउण्टेण्ट श्री राजेश पौडेलले गर्नुभएको छ।
- **निष्काशन बैंक (Bankers to the Issue):**
  यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयरहरुको लागि निष्काशन बैंक **(Banker to the Issue)** को रुपमा एनएमबि बैंक लिमिटेड, बबरमहललाई तोकिएको छ। साथै आवश्यकता अनुसार तीनकार्य दिन अगाडि नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई अन्य वाणिज्य बैंकहरु तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत निष्काशन बैंक तोक्न सकिने छ।
- **वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ:**

यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय विवरण तयार पार्ने विज्ञमा निष्काशन कम्पनी रु रु जलविद्युत परियोजना लिमिटेड आफै रहेको छ।

- **वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञः**
  यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञमा एस आर पाण्डे एण्ड कम्पनीका चार्टर्ड एकाउन्टेण्ट श्री सुर्दशन राज पाण्डे रहनु भएको छ।

**(ख) माथि खण्ड (क)मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बूदा तथा शर्तहरुः**

- **लेखापरीक्षक :**
  सो नभएको।
- **निष्काशन बैंक (Bankers to the Issue):**
  **आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि**
  निष्काशित साधारण शेयरहरुमा लगानीकर्ताहरुबाट प्राप्त लगानी रकम निष्काशन बैंक **(Bankers to the Issue)** मा खोलिएको शेयर दरखास्त खातामा जम्मा गरी सो को संयुक्त सुरक्षण निष्काशन बैंक तथा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकको जिम्मामा राखिनेछ। सो का लागि निष्काशन बैंकसंग व्याजदर तथा अनुमानित रकम रहने अवधिको बारेमा जानकारी गराई आवश्यक सहमतिपत्र लिईनेछ।

**ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरणः**

रु रु जलविद्युत परियोजना लिमिटेडकालागि संस्थापक शेयरधनीहरुको स्वः लगानी तथा लिड बैंकको रुपमा एनएमबि बैंक लिमिटेड (साविकको क्लिन इनर्जी डेभलपमेन्ट बैंक लिमिटेड) र सहभागी बैंकहरुमा कुमारी बैंक लिमिटेड, लुम्बिनी विकास बैंक लिमिटेड (साविक भिवोर विकास बैंक लिमिटेड) माछापुच्छ्रे बैंक लिमिटेड र सेन्चुरी कमर्सियल बैंक लिमिटेडबाट सहवित्तीयकरण ऋण व्यवस्थापन सम्झौता गरिएको छ। उक्त कर्जाको कुल स्वीकृत सीमा रु. ४८ करोड २४ लाख भएकोमा २०७७ आश्विन मसान्तमा बाँकी कर्जा रु. २७ करोड ८६ लाख ५० हजार रहेको छ।

| क्र.सं. | विवरण | कैफियत |
|---|---|---|
| १ | कर्जा भुक्तानी अवधि | १० वर्ष |
| २ | कर्जा भुक्तानी तरिका | त्रैमासिक रुपमा |
| ३ | हाल कायम रहेको व्याजदर | ९.०० % |
| ४ | शुरुको किस्ता रकम भुक्तानी हुने वर्ष | असोज मसान्त २०७२/७३ |
| ५ | अन्तिम किस्ता रकम भुक्तानी हुने वर्ष | आषाढ मसान्त २०८१/८२ |

| क्र.सं. | विवरण | रकम (रु) |
|---|---|---|
| १ | एनएमबि बैंक लि.(साविकको क्लिन इनर्जी डेभलपमेन्ट बैंक लिमिटेड) | १७५,४००,६४०.०० |
| २ | कुमारी बैंक लिमिटेड | ८७,७००,३२०.०० |
| ३ | माछापुच्छ्रे बैंक लिमिटेड | ८७,७००,३२०.०० |
| ४ | लुम्बिनी विकास बैंक लि. (साविक भिवोर विकास बैंक लिमिटेड) | ८७,७००,३२०.०० |
| ५ | सेन्च्चुरी कमर्सियल बैंक लिमिटेड | ४३,८९८,४००.०० |
| **६** | **शुरु कर्जा रकम (जम्मा)** | **४८२,४००,०००.००** |
| ७ | पहिलो वर्षको प्रत्येक त्रैमासिक किस्ता | २,५००,०००.०० |
| ८ | दोश्रो वर्षको प्रत्येक त्रैमासिक किस्ता | ७,५००,०००.०० |
| ९ | तेश्रो वर्षको प्रत्येक त्रैमासिक किस्ता | ११,२५०,०००.०० |
| १० | चौथो वर्षको प्रत्येक त्रैमासिक किस्ता | १२,५००,०००.०० |
| ११ | पाँचौ वर्षको प्रत्येक त्रैमासिक किस्ता | १३,७५०,०००.०० |
| १२ | छैटौं वर्षको प्रत्येक त्रैमासिक किस्ता | १३,७५०,०००.०० |
| १३ | सातौ वर्षको प्रत्येक त्रैमासिक किस्ता | १३,७५०,०००.०० |
| १४ | आठौं वर्षको प्रत्येक त्रैमासिक किस्ता | १५,०००,०००.०० |
| १५ | नवौं वर्षको प्रत्येक त्रैमासिक किस्ता | १५,०००,०००.०० |
| १६ | दशौ वर्षको प्रत्येक त्रैमासिक किस्ता | १५,६००,०००.०० |
| **१७** | **आश्विन मसान्त २०७७ सम्म भुक्तान गरिएको कर्जा रकम** | **२०३,७५०,०००.००** |
| **१८** | **बाँकी कर्जा रकम** | **२७८,६५०,०००.००** |

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) **संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा :**

सो नभएको।

(ख) **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण:**

सो नभएको।

(ग) **विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम सम्बन्धी विवरण :**

सो नभएको।

(घ) **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :**

सो नभएको।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौंमा एक विशेष कक्षको ब्यबस्था गरिएको छ। साथै गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयको **फोन नं ४४३७९६०** मा सम्पर्क गरी स्मृती महर्जनलाई प्रेषित गर्न सकिनेछ।

**ग.१९.नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :**

सो नभएको।

**ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण:**

हाल सम्म कम्पनीले ऋणपत्र निष्काशन गरेको छैन।

**ग.२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण :**

हालसम्म कम्पनीले अग्राधिकार शेयर जारी गरेको छैन।

**ग.२२. अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण:**

प्रक्षेपित वित्तीय विवरण पुनरावलोकन गरी ठीक छ भनी एस आर पाण्डे एण्ड कम्पनीका सुदर्शन राज पाण्डेले प्रमाणित गर्नुभएको छ र सो को राय तल उल्लेख भए बमोजिम रहेको छ :

- यस वित्तीय प्रक्षेपण तथा वित्तीय प्रक्षेपणका आधारहरु कम्पनी स्वयंले तयार गरिएको हो। आ.व. २०७७/७८ देखि २०७९/८० सम्मको प्रक्षेपित वित्तीय विवरणहरु वास्तविक आँकडा तथा आउँदो वर्षको संचालन योजनाको आधारमा कम्पनीको व्यवस्थापनले तयार पारेको र यसका लागि कम्पनीको व्यवस्थापन स्वयं नै उत्तरदायी हुनेछ।
- यस वित्तीय विवरणमा प्रस्तुत गरिएको प्रमुख अनुमानहरु बमोजिम लेखा परिक्षकबाट हालको प्रचलित लेखा मापदण्ड अनुरुप प्रक्षेपित वित्तीय विवरण पुनरावलोकन गरी सो को प्रमाणिकरण मात्र गरिएको छ।
- प्रक्षेपित वित्तीय विवरण तयार गर्नुको उद्देश्य आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु तथा सर्वसाधारणहरुको लागि शेयर निष्काशन गरी निष्काशनबाट प्राप्त रकम आयोजनाको कर्जा भुक्तानीलागि प्रयोग गरिने कम्पनीले जनाएको छ।
- प्रक्षेपित वित्तीय विवरणहरु भविष्यमा घट्न सक्ने घटनाहरु र व्यवस्थापनका कार्यहरुको बारेमा परिकल्पनीय धारणाहरु (hypothetical assumptions) को आधारमा तयार गरिएको छ र जुन भविष्यमा घटित हुन आवश्यक हुने छैन। कथंकदाचित काबु बाहिरको परिस्थिती तथा घटनाहरु भएमा यस प्रक्षेपित वित्तीय विवरणमा उल्लेख गरिएको वित्तीय विवरण र वास्तविक वित्तीय विवरणमा फरक पर्न सक्नेछ।
- वित्तीय प्रक्षेपणहरु कम्पनीको विगतको कार्यकुशलताको आधारमा यर्थाथपरक धारणाको आधारमा तयार गरी वर्तमानमा लागू हुने लेखा निती (NFRS) अनुसार प्रस्तुत गरिएको छ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण:**

| सि.नं. | परिवर्तन भएको लेखापरीषको नाम | परिवर्तन भएको कारण | राजिनामा स्वीकृत/बहाल अवधि समाप्त भएको मिति |
|---|---|---|---|
| १. | आर. के. एस एण्ड एसोसिएट्स (लेखापरीक्षक) | साधारण सभाबाट | आ.व. २०७३/०७४ |
| २. | हिम प्रसाद पाठक | व्यक्तिगत कारण | राजिनामा स्वीकृत मिति २०७६/०१/२२ |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता:**

फलेवास न.पा. ४, पर्वतमा स्थायी बसोबास रहनु भएका श्री किशोर प्रसाद घिमिरे कम्पनीको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ। श्री किशोर प्रसाद घिमिरेले त्रिभुवन विश्वविद्यालय बाट एमबिएस सम्मको शैक्षिक योग्यता हासिल गर्नुभएको छ।

**(घ) सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण:**

कम्पनीको मिति २०७६/०८/०२ गते बसेको सञ्चालक समितिको बैठकबाट कम्पनीले सार्वजनिक निष्काशन गर्न लागेको ८,१५,४११ कित्ता शेयरमध्ये आयोजना प्रभावित क्षेत्र गुल्मी जिल्लाका स्थानीय बासिन्दाका लागि निष्काशन गरिने ४,०७,७०५ कित्ता साधारण शेयर रु. १००/- अंकित दरमा तथा सर्वसाधारणको लागि छुट्याइएको ४,०७,७०६ कित्ता साधारण शेयर रु. १००/- अंकित दरमा प्रिमियम रु. २०/- थप गरी जम्मा रु. १२०/- मा सार्वजनिक निष्काशन गरिने निर्णय गरिएको छ। साथै सो निष्काशन सम्बन्धी कार्य गर्नकालागि एनएमबि क्यापिटल लि., नागपोखरी, काठमाण्डौंलाई धितोपत्र निष्काशन तथा बिक्री प्रबवन्धकमा नियुक्त गर्ने निर्णय गरिएको छ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण:**

यस कम्पनी आयकर ऐन, २०५८ दफा ११(३ घ) बमोजिम यस कम्पनीले विद्युत उत्पादन शुरु गरेको मितिले पहिलो दश वर्षसम्म अर्थात् आर्थिक वर्ष २०८१ चैत्र मसान्तसम्म कर्पोरेट आयकर छुट रहेको छ र आर्थिक वर्ष २०८१ चैत्र मसान्त पश्चात १२.५ प्रतिशतको दरले आयकर लाग्ने र आर्थिक वर्ष २०८६ चैत्र मसान्त पश्चात २५ प्रतिशतको दरले आयकर लाग्नेछ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिने छ।

१. कम्पनीको रजिर्ष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौं जिल्ला, हात्तीसार।

२. धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक - एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

कम्पनीले प्रचलित ऐन, कानून र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्रद्वारा निष्काशन गरिएको प्रति साधारण शेयर रु. १००।- अङ्कित मूल्य (Par Value)का कुल ४,०७,७०५ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि सुरक्षित गरिएको छ। त्यसैगरी सर्वसाधारणको निष्काशन गरिएको प्रति साधारण शेयर  रु. १००/- अंकित दरमा प्रिमियम रु.२० थप गरी जम्मा रु. १२०/- मा ४,०७,७०६ कित्ता शेयरको २ प्रतिशतले हुन आउने ८,१५४ कित्ता शेयर निष्काशन कम्पनीमा कार्यरत कर्मचारीहरुकालागि र ५ प्रतिशत अर्थात २०,३८५ कित्ता शेयर सामूहिक लगानी कोष योजनाहरुको लागि सुरक्षित गरिएको छ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ (संशोधन सहित) ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ। साथै, निष्काशन कम्पनीले कम्पनी रजिष्ट्रारको कार्यालयमा आर्थिक वर्ष २०७५/७६ सम्मको पेश गर्नुपर्ने विवरणहरु पेश गरेकाले कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७६/०९/०७ मा कम्पनी अद्यावधिक सम्बन्धी पत्र प्राप्त गरेको छ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि शेयर बिक्री वितरणका लागि आयोजना प्रभावित क्षेत्रमा बिक्री प्रबन्धकले सङ्कलन केन्द्रको आवश्यक व्यवस्था गरी आवेदन फारम, विवरणपत्र वितरण तथा आवेदन फारम सहित दरखास्त रकम जम्मा गर्ने व्यवस्था गर्नेछ। सर्वसाधारणको हकमा नेपाल धितोपत्र बोर्डबाट स्वीकृत सम्पूर्ण आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु मार्फत आवेदन दिन सक्ने व्यवस्था रहेको छ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:**

बोर्डबाट क्रेडिट रेटिङ्ग सम्बन्धी कार्य गर्न अनुमति प्राप्त संस्था इक्रा नेपाल (ICRA NEPAL) ले मिति २०७७/०४/१५ गते यस रु रु जलविद्युत परियोजना लिमिटेडलाई " ICRANP-IR BBB" प्रदान गरेको छ र सो को अवधि एक वर्ष रहनेछ। ICRANP-IR BBB prounced as ICRA NP issuer rating Tripple B रेटिङ्गले समयमानै वित्तीय दायित्व पुरा गर्ने

मध्यम रूपको सुरक्षित (Moderate degree of safety regarding timely servicing of financial obligation) जनाउँदछ ।

**(ठ) विवरणपत्र तयार गर्नेव्यवसायीक संस्थाको नाम र ठेगाना सम्बन्धी विवरण :**

यस विवरणपत्र तयार पार्ने व्यावसायिक संस्थामा निष्काशन तथा बिक्री प्रवन्धक एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं रहेको छ।

**(ड) सकारात्मक पक्षहरु :**

- आयोजनाबाट प्राप्त हुने आयमा १० बर्ष (आ.व. २०८१/२०८२. सालसम्म) आयकर छुट तथा सो पश्चात ५ बर्षको लागि ५० प्रतिशत आयकर छुट प्राप्त भएको हुँदा लाभांश दर बढी रहेको।
- कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको।
- जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले सर्मर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको।

**(ढ) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिले नियुक्त गरेको शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ।

**(ण) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्रद्वारा निष्काशन गरिएको आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि जारी गरिने शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा १५ दिन र बढिमा ३० दिनसम्म खुल्ला रहनेछ। आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरुको लागि निष्काशन गरी विक्री बन्द भई शेयर बाँडफाँट भए पश्चात सर्वसाधारणको लागि शेयर निष्काशन खुल्ला गरिनेछ। सर्वसाधारणको लागि आवेदन दिने अवधि कम्तीमा ४ कार्य दिन र बढीमा ३० दिन खुल्ला रहनेछ।

**(त) धितोपत्र दर्ता निष्काशन नियमावली, २०७३ को नियम ९(३) मा भएको व्यवस्थाहरुको विवरण :**

१. **आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि आवश्यक कार्यहरु अगाडी बढाई एक वर्षको अवधि पूरा गरेको** : कम्पनीले मिति २०७२/०४/०७ गते पब्लिक लिमिटेडको रुपमा दर्ता भई आफ्नो उदेश्यअनुसारको कारोबार संचालन गरिरहेको छ।

२. **प्रचलित कानून बमोजिम लेखापरिक्षण तथा साधारण सभा सम्पन्न गरेको** : कम्पनीको आ.व. २०७५/७६ सम्मको लेखापरिक्षण भई मिति २०७६.०५.३० मा साधारण सभा सम्पन्न भइसकेको छ। हाल आ. व. २०७६/०७७ को समेत लेखा परीक्षणको कार्य सम्पन्न भै सकेको र सर्वसाधारणमा शेयर निष्काशनको प्रक्रियामा रहेकाले शेयर बाँडफाँड पश्चात् सर्वसाधारण समेतको सहभागितामा यसै आर्थिक वर्ष भित्रमा साधारण सभा सम्पन्न गरिनेछ।

३. **आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृत लिनुपर्ने भएमा त्यस्तो इजाजत अनुमति वा स्वीकृती लिइसकेको :** कम्पनीले आफ्नो उद्देश्य अनुसारको माथिल्लो हुग्दी खोला जलविद्युत आयोजनाको सर्वेक्षणको लागि विद्युत ऐन २०४९ बमोजिम विद्युत उत्पादन सर्वेक्षण अनुमति पत्र मिति २०६३/०३/२६ गते प्राप्त गरिसकेको छ। सो आयोजनाको निर्माण तथा संचालनको लागि सो ऐनमा व्यवस्था भए अनुसार विद्युत उत्पादन अनुमति पत्र प्राप्त गरी उक्त आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणलाई प्रसारण प्रणाली भएको ठाउँमा पुऱ्याई बिक्री गर्ने, प्राधिकरणले पनि उक्त आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति खरीद गर्ने सम्झौता मिति २०६६ साल असोज ४ गते भईसकेको छ।

४. **संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माणकार्य शुरु गरिसकेको** :आयोजनाको लागि आवश्यक पर्ने सम्पूर्ण भौतिक पूर्वाधारहरु निर्माण सम्पन्न भईसकेको छ ।

५. **उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गर्नुपर्ने भएमा** : यस कम्पनीको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गर्न ठेक्का सम्झौता भई सो अनुसार निर्माणकार्य भइरहेको।

६. **धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकसंग सम्झौता भईसकेको:** कम्पनीको प्रबन्धपत्रमा उल्लेख भए बमोजिम सर्वसाधारणमा साधारण शेयर निष्काशन गर्नका लागि निष्काशन तथा बिक्री प्रबन्धक श्री एनएमबि क्यापिटल लिमिटेडसंग सम्झौता भईसकेको।

७. **आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको** : यस कम्पनीको आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूंजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत छौं।

८. संस्थापकहरुले आफुले लिन कबुल गरेको ३२,६१,६४४ कित्ता शेयरको प्रति शेयर रु.१००/- का दरले रु. ३२,६१,६४,४००/- शतप्रतिशत रकम चुक्ता भैसकेको छ।

९. **परियोजना निर्माणका लागि फाइनान्सिएल क्लोजर (Financial Closure)भैसकेको:**
यस परियोजना निर्माणकालागि लिड बैंकको रुपमा एनएमबि बैंक लिमिटेड मार्फत फाइनान्सिएल क्लोजर भै आयोजनाको निर्माण कार्य समेत सम्पन्न भै आयोजना सञ्चालनमा आईसकेको छ।

१०. **जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको** : यस रु रु जलविद्युत परियोजना लिमिटेडबाट उत्पादन हुने सम्पूर्ण विद्युत खरिदको लागी नेपाल विद्युत प्रधिकरण संग मिति २०६६/०४/०४ मा सम्झौता सम्पन्न भई कार्यान्वयन समेत भईसकेको छ।

११. **सर्वसाधारणलाई निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४, मा तोकिए बमोजिम प्रत्याभुत गराएको** : सर्वसाधारणलाई निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४, मा तोकिए बमोजिम श्री एनआइबिएल एस क्यापिटल लिमिटेडद्वारा प्रत्याभुति गर्ने प्रतिवद्धता प्राप्त भएको छ।

**ग.२३ सञ्चालक तथा विज्ञहरुको नाम तथा दस्तखत:**

यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने कम्पनीको सञ्चालकहरुको नाम तथा दस्तखत :

| क्र.सं. | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री आशिष सुवेदी | अध्यक्ष | |
| २. | श्री भरत प्रसाद नेपाल | सञ्चालक | |
| ३. | श्री मिन राज कडेंल | सञ्चालक | |
| ४. | श्री गम प्रसाद रेश्मी | सञ्चालक | |
| ५. | श्री चन्द्र बहादुर पुन | सञ्चालक | |

२४. निष्काशन तथा बिक्री प्रवन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति:

NMB CAPITAL
LIMITED

Nagpokhari, Kathmandu Tel: 977-1-14437963 Fax: 977-1- 4437960
E-mail: info@nmbcl.com.np Website: www.nmbcl.com.np

• Issue Manager • Underwriting • Share Registrar • Portfolio Management
• Fund Manager• Depository • Depository Participant • Advisory Services

नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त

च.नं. २०७६/७७- ३६२

मिति २०७७/०३/२३

श्री नेपाल धितोपत्र बोर्ड,
जावलाखेल, ललितपुर।

विषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे।

महाशय,

कठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका -०२, मा रजिष्टर्ड कार्यालय रहेको रु रु जलविद्युत परियोजना लिमिटेडको सार्वजनिक निष्काशन गर्न लागेको रु. १०० /- अङ्कित दरका ४०७,७०५ कित्ता आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि र अंकित मूल्य रु.१००/- मा प्रिमियम बापत रु.२०/- थप गरी प्रति शेयर रु.१२०/- मा ४०७,७०६ कित्ता शेयर सर्वसाधारणका लागि निष्काशन तथा बिक्री प्रवन्धकको रुपमा सेवा दिन हामी मञ्जुर गर्दछौं। साधारण शेयरहरु निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार साधारण शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाईने छ। यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं।

१. रु रु जलविद्युत परियोजना लिमिटेडको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ। साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ।

२. प्रचलित धितोपत्र कारोवार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ।

३. कम्पनीद्वारा निष्काशित धितोपत्र धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन्।

४. कम्पनीको निष्काशन गर्न लागेको साधारण शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरणपत्र तथा दरखास्तफारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं।

५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं। उक्त व्यवस्थाहरुसँग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं।

धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक :
एनएमबि क्यापिटल लिमिटेडको तर्फबाट :
नाम : श्रीजेश घिमिरे
पद : प्रमुख कार्यकारी अधिकृत
सही :

कार्यालयको छाप : NMB CAPITAL LIMITED

A Wholly Owned Subsidiary of NMB Bank Limited

२५. विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :


**S. R. PANDEY & Co.**
Chartered Accountants

2nd Floor, House No. 2979/33
Nabil Galli, Maharajgunj
P. O. Box No. 2343
Kathmandu, Nepal

Tel.: 977-1-4720983, 2104700
Fax: 977-1-4720983
e-mail: info@srp.com.np


**CERTIFICATION OF PROJECTED FINANCIAL STATEMENTS OF RU RU JALBIDHYUT PARIYOJANA LIMITED**

We have examined the Projected Financial Statements of Ru Ru Jalbidhyut Pariyojana Limited, for the Financial Years from 2077/78 to 2079/80, in accordance with applicable Standards on Auditing applicable to the examination of prospective financial information. Management is responsible for the projection including the assumptions set out in Annexure-1 on which it is based.

This projection has been prepared for the purpose of Initial Public Offer (IPO). The projection has been prepared using a set of assumptions that include hypothetical assumptions about future events and management's actions that are not necessarily expected to occur. Consequently, readers are cautioned that this projection may not be appropriate for purpose other than that described above.

Based on our examination of the evidence supporting the assumptions; nothing has come to our attention, which causes us to believe that these assumptions do not provide a reasonable basis for the projection. Further, in our opinion the projection is properly prepared on the basis of the assumptions and is presented in accordance with applicable accounting standards.

Even if the events anticipated under the hypothetical assumptions described above occur, actual results are likely to be different from the projection since anticipated events frequently do not occur as expected and the variations may be material.

Sudarshan Raj Pandey, F.C.A
Senior Partner
Date: November 11, 2020
Place: Kathmandu, Nepal
UDIN: 201113CA00031e7P0R